का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ असार २०८२,
मंगलबार
1 July, 2025
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १४९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# एमालेभित्र बढ्यो ध्रुवीकरण

एमालेको पदाधिकारीमा १९ जना छन् र को कता लाग्छन् भन्ने चासोका साथ हेरिएको छ । कतिपय नेताहरु ध्रुवीकृत भएपनि केही अझै खुलेका छैनन् ।

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १६ असार ।

नेकपा (एमाले)की पूर्वउपाध्यक्ष तथा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले शनिबार एमालेमै फर्केर फेरि राजनीतिमा सक्रिय हुने घोषणा गरेपछि एमालेसहित नेपालकै राजनीतिक परिदृश्यमा महत्वपूर्ण मोड आउने देखिएको छ ।

भण्डारीको पुनरागमनसँगै एमालेका कतिपय नेताहरू उनी निकट हुन र देखिन थालेका छन् भने पार्टीभित्र ध्रुवीकरणको संकेत पनि अहिलेदेखि नै देखिन थालेको छ । भण्डारीले आफ्ना दिवंगत पति मदन भण्डारीको जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउन्डेशनद्वारा आयोजित कार्यक्रममा संवोधन गर्दै सक्रिय राजनीतिमा आउने पृष्ठ २ मा

## सरकारी सुविधा फिर्ता गर्ने

भण्डारीले पूर्वराष्ट्रपतिको हैसियतमा पाएको सरकारी सेवा सुविधा फिर्ता गर्ने तयारी गरेकी छन् । सक्रिय राजनीतिमा फर्किएको उद्घोष गरेसँगै उनले राज्यले उपलब्ध गराउँदै आएको सेवा सुविधा फिर्ता गर्न लागेकी हुन् ।

सक्रिय राजनीतिमा लागेर पूर्वराष्ट्रपतिको हैसियतले राज्यले दिएको सुविधा लिँदा प्रश्न उठ्ने भएपछि उनले सेवा सुविधा फिर्ताका लागि गृह मन्त्रालयलाई पत्र लेख्ने तयारी गरेकी हुन् । भण्डारीलाई उपलब्ध गराइदै आएको अन्य सेवा सुविधा फिर्ता भए पनि सुरक्षा प्रोटोकल भने नहटाइने पृष्ठ २ मा

कांग्रेस बैठक

# देउवासँग जवाफ माग



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ असार ।

प्रत्येक २ महिनामा बैठक बस्ने निर्णय गरेपनि ९ महिनापछि बसेको कांग्रेस केन्द्रीय समितिको बैठकको पहिलो दिनमै नेतृत्वमाथि प्रहार भएको छ । पार्टीको १४ औं महाधिवेशनमा सभापति शेरबहादुर देउवासँगै प्रतिस्पर्धा गरेका वरिष्ठ नेता डा. शेखर कोइरालाले पार्टी नेतृत्व र पदाधिकारीले गत आम निर्वाचनयता गरेका हरेक निर्णयमाथि प्रश्न उठाए ।

सुरुमै पार्टीको १५औं महाधिवेशन २०८२ साल मंसिरमा हुन नसक्नुको कारण माग गरेका नेता कोइरालाले सत्ता गठबन्धन, पार्टीको अनुशासन समिति र भ्रातृ संस्थाकाबारेमा केन्द्रित भएर आफ्नो कुरा राखेका थिए ।

आगामी १५औं महाधिवेशनमा सभापतिमा प्रतिस्पर्धा गर्ने तयारीकासाथ देश दौडाहामा लागेका नेता कोइरालाले पार्टी सभापति र पदाधिकारीले महाधिवेशनका विषयमा स्पष्ट जवाफ दिनु पर्ने माग गरे ।

उनकै समूहबाट महामन्त्री बनेका युवा नेता गगन थापा पार्टी सदस्यता व्यवस्थापन र संगठन प्रमुख छन् । तर महाधिवेशनको जग मानिएको क्रियाशील सदस्यता नवीकरण र वितरणको पृष्ठ २ मा

## शेखरका दर्जन बढी प्रश्न



पार्टी बैठकमा कोइरालाले २०७९ को संघीय र प्रदेश निर्वाचनमा माओवादी केन्द्रसँग गठबन्धन गरेर निर्वाचनमा गएपनि अहिले एमालेसँग सत्ता गठबन्धन गर्नुको कारण माग गरे । '२०७९ को संघीय र प्रदेश निर्वाचनमा माओवादीसँग गठबन्धन गर्‍यौं र अहिले के कारणले एमालेसँग सत्ता सहकार्य भयो ?', उनले प्रश्न गर्दै भने, 'मैले कांग्रेसको नेतृत्वमा सरकार बन्नुपर्छ भनेको थिएँ । के कारणले कांग्रेसले एमालेलाई सत्ताको नेतृत्व दियो ? संविधान संशोधनका लागि यो सत्ता गठबन्धन बनेको हो भने ७ बुँदे सहमतिमा लेखिएको संविधान संशोधनको मुद्दा पृष्ठ २ मा

# बझाङमा भयावह बालविवाह

बझाङभरि बालविवाह दर ६६ प्रतिशत छ । २०७८ सालको जनगणनाअनुसार १२ पालिकामध्ये सबैभन्दा बढी २० वर्षमुनि विवाह गर्ने दर सुर्मा गाउँपालिकामा ८३ प्रतिशत छ

**कर्ण धामी/मध्यान्ह**
बझाङ, १६ असार ।

गैरकानुनी मानिएको बालविवाह बझाङमा बढ्दै गएको पाइएको छ । बुंगल नगरपालिकासहित जिल्लाभर बालविवाह बढेको पाइएको हो ।

उमेर नपुग्दै विवाह गर्ने बालबालिकाको संख्या दिनप्रतिदिन बढ्दै गएको स्थानीय तथा सरोकारवालाहरू बताउँछन् । सरकारी तथा गैरसरकारी निकायहरूद्वारा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएपनि व्यवहारमा सुधार आउन नसकेको उनीहरू बताउँछन् ।

संविधानको धारा ३९ ले बालबालिकाको हक सुरक्षित गरेको छ । जसमा बालविवाह गर्न/गराउन पूर्ण बन्देज छ । मुलुकी अपराध संहिता, २०७४ ले बालविवाह गर्ने/गराउनेलाई कैद तथा सजाय नै तोकेको छ ।

बलविवाह गर्न/गराउन कानुनी बन्देज लागेपछि देशभर अझै पनि ३५ प्रतिशत बढी बालविवाह हुने गरेको सरकारी तथ्यांक छ । राष्ट्रिय जनगणना २०७८ अनुसार देशभर नै बालविवाह हुने गरेको छ ।

यस परिपेक्षयमा बझाङ भनेअ अछुतो छैन । बुंगल नगरपालिका-४ की स्थानीय मेनुका जोशी बालविवाह रोक्न सचेतना कार्यक्रम गरी थुप्रै जोडीको विवाह रोकेका पृष्ठ २ मा

## के गर्दैछ स्थानीय सरकार ?

बालविवाह न्यूनीकरणका लागि बुंगल नगरपालिकाले विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ । न्यायिक समितिका संयोजक धनबहादुर बोहराले भने, ' हामीले टोलस्तरमा किशोर-किशोरी लक्षित कार्यक्रमहरू सुरु गरेका छौं । विद्यालयमा लैंगिक हिंसा र बालविवाहबारे सचेतना फैलाउने कार्यक्रमहरू गरिरहेका छौं ।'

उनले थपे, 'अहिले पूर्ण रूपमा बालविवाह रोक्न सकिएको छैन तर नियन्त्रण गर्ने प्रयास तीव्र बनाइएको छ । केही हदसम्म रोकेको अनुभव छ । अब यसलाई अझ प्रभावकारी बनाउँदै लैजान कार्यक्रमको परिमार्जन र विस्तार गर्दैछौं ।' विशेषज्ञहरूका पृष्ठ २ मा

# निजामतीमा 'चलखेल' प्रयास

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ असार ।

सरकारी कर्मचारीले अवकाशपछि संवैधानिक र कूटनीतिक नियुक्ति नपाउनेसम्बन्धी प्रावधानमा चलखेलको प्रयास भएको छ ।

प्रतिनिधि सभाबाट संघीय निजामती सेवा विधेयकमा एक ठाउँमा दुई वर्ष कुलिङ अफ पिरियड लाग्ने राखिएको छ । लगत्तै संवैधानिक र कूटनीतिक नियुक्ति बाहेकमा कुलिङ अफ पिरियड लाग्ने गरी ब्याख्या गर्न मिल्ने गरी भाषा प्रयोग भएको भनेर राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूले नै प्रश्न गरेका छन् ।

राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले नै समितिले पास गरेको विधेयकमा केही शब्द थप भएको आशंका गरेका छन् । यो विषयमा सभापति खतिवडासहितका नेताहरूले मंगलबार सभामुख देवराज घिमिरेलाई भेटेर ध्यानाकर्षण गराउँदैछन् ।

राज्य व्यवस्था समितिबाट तयार पारेको प्रतिवेदनअनुसार प्रतिनिधि सभाबाट पारित भएको विधेयकमा दुईथरी व्यवस्था समावेश भएको भनेर प्रश्न उठेपछि तरंग नै पैदा भएको छ । एउटा व्यवस्थामा विशिष्ट र प्रथम श्रेणीका लागि राखिएको व्यवस्थामा ' बाहेक' शब्द थपिएपछि उच्च पदस्थहरूलाई फेरि घुमाएर सहुलियत दिइएको भन्दै प्रश्न उठेको हो ।

निजामती सेवा ऐनको दफा ८२(४) कुलिङ पिरियडसम्बन्धी व्यवस्था छ । जसमा भनिएको छ, 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभइ कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन ।'

तर त्यही दफाको उपदफा (५) मा भने राजपत्रांकित विशिष्ट (मुख्यसचिव, सचिव र अतिरिक्त सचिव) अनि प्रथम श्रेणी (सहसचिव)का लागि अवकाशपछिको दुई वर्षकै लागि थप र पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# जानको परीक्षाविरुद्धको रिटमा बुधबार पुनः पेसी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार ।

रोजगारीका लागि जापान जान भाषा र प्रशिक्षणसहित जापानको अध्यागमनबाट योग्य ठहरिएका नेपाली श्रमिकहरूमाथि अघोषितरूपमा लगाइएको सिन्डिकेटविरुद्धको मुद्दामा सर्वोच्च अदालतले बुधबार पेसी तोकेको छ ।

सोमबार न्यायाधीशद्वय महेश शर्मा पौडेल र विनोद शर्माको इजलासमा पेसी तोकिएको थियो । तर इजलासको (त) नम्बरमा परेको रिटमा समय अभावले बहस र छलफल हुन पाएन । त्यसपछि बुधबारका लागि पेसी तोकिएको सर्वोच्च अदालतले जनाएको छ ।

वैदेशिक रोजगारीको प्राविधिक प्रशिक्षार्थी तालिम कार्यक्रमअन्तर्गत जापान जान योग्य भइसकेका नेपाली युवायुवतीलाई भाषा परीक्षाको तगारो हालेर रोकिएको विषय खारेजीको माग गर्दै सर्वोच्च अदालतमा गत हप्ता रिट परेको हो ।

वैदेशिक रोजगार व्यवसायीहरूले जापान जानबाट योग्य नेपाली बञ्चित गरिँदै अनेकन बाहानामा रकम असुलेको र परीक्षाको नाममा उनीहरूलाई जापान जानबाट रोकेको दाबी गर्ने गरेका छन् । सर्वोच्चमा दायर भएको रिटमा पीडितहरूको तर्फबाट वकालत गर्दै आएका अधिवक्ता खगेन्द्रप्रसाद चापागाईले सोमबार मुद्दाको संख्या धेरै भएकाले हेर्न नभ्याइए पनि बुधबार सुनुवाइ भएर पीडितका पक्षमा आदेश हुने अपेक्षा गरिएको बताए । उनले आफूहरूसँग पर्याप्त प्रमाण भएकाले जापान जाने नेपाली श्रमिकको पक्षमा आदेश आउने र कामदारमाथि भइरहेको सिन्डिकेट समाप्त हुने बताए । जापानमा विदेशी कामदारलाई पृष्ठ २ मा

## कुवेतमा ठूलो परिमाणको मदिरासहित नेपाली पक्राउ

**काठमाडौं/मस-** कुवेत प्रहरीले गरेको एक प्रमुख सुरक्षा कारबाहीमा ठूलो परिमाणको घरेलु मदिरासहित एक नेपाली पक्राउ परेका छन् । कुवेतको फिन्टास प्रहरीले महबुला क्षेत्रमा रहेको एकान्त र फोहोर क्षेत्रमा पार्क गरिएका सवारीभित्र ३ हजार ८२८ बोतल मदिरा फेला पारेको कुवेत प्रहरीले बताएको छ ।

लागुपदार्थ र मदिरा तस्करहरूले शोषण गर्ने शंकास्पद क्षेत्रहरू र खुला ठाउँहरूमा निगरानी गर्ने कुवेती सार्वजनिक सुरक्षा उपसचिव मेजर जनरल हमाद अल-मुनिफीले यसलाई गम्भीर घटनाको रूपमा चित्रण गरेका छन् । अपरेशनको क्रममा कुवेती अधिकारीहरूले मदिरा राखिएका बसहरू सुनसान क्षेत्रमा पार्क गरिएको पृष्ठ २ मा

# नागार्जुनका मेयर बस्नेत भ्रष्टाचारी ठहर

## ८ वर्ष सजाय, २८ करोड बढी जरिवाना

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १६ असार ।

भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणमा नागार्जुन नगरपालिकाका मेयर मोहनबहादुर बस्नेतलाई दोषी ठहर गरेको विशेष अदालतले सोमबार सजाय निर्धारण गरेको छ ।



सोमबार विशेष अदालतका न्यायाधीश टेकनारायण कुँवर र रामबहादुर थापाको इजलासले बस्नेतलाई दोषी ठहर गर्दै भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) बमोजिमको कसुरमा ८ वर्ष र दफा ३०(१) बमोजिम थप ३ महिना कैद सजायको फैसला गरेको हो ।

अदालतले बस्नेतबाट २६ करोड २५ लाख रुपैयाँ सम्पत्ति जफतको फैसला गरेको छ । कुल १३ करोड १२ लाख ७३ हजार सम्पत्ति शुद्धीकरण गरेको ठहर भएका बस्नेतलाई ३ वर्ष कैद र बिगोको दोब्बर २६ करोड २५ लाख ४६ हजार जरिबाना हुने फैसला भएको छ ।

बस्नेतले पद्मा कोलोनी र माउन्टेन टेलिभिजनका समेत सञ्चालक रहेका पद्मा मर्चेन्ट कम्पनी प्रालिका सञ्चालक तथा अध्यक्ष राजुप्रसाद कँडेलबाट ९ करोड २२ लाख ४६ हजार ३२ रुपैयाँ ३३ पैसा घुस लिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १४ पुस २०८१ मा दायर गरेको थियो ।

यस्तै बस्नेतलाई १ करोड ५ लाख रुपैयाँ र पद्मा कोलनीका सञ्चालक कँडेललाई ९ लाख २२ हजार रुपैयाँ पीडित पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# प्रहरी संगठनलाई राजनीतिक प्रभावमुक्त बनाउन जोड

**काठमाडौं/मस-** प्रहरी संगठनमा देखिएका समस्याको समाधान तथा अधिकार प्रत्यायोजन गर्न सरकार गम्भीर हुनुपर्ने सांसदहरुले धारणा राखेका छन्।

सोमबार प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा नेपाल प्रहरी सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमाथिको छलफलमा संशोधनकर्ता सांसदहरुले यस्तो धारणा राखेका हुन्।

प्रहरी संगठनलाई राजनीतिक प्रभावमुक्त र अधिकारसम्पन्न बनाउने कुरामा राज्य गम्भिर नभएको उनीहरुको धारणा छ। बैठकमा बोल्दै नेकपा (एकीकृत समाजवादी) का सांसद भानुभक्त जोशीले प्रहरी प्रमुखले एउटा गृहमन्त्री हुँदा एउटा कुरा र अर्को गृहमन्त्री हुँदा अर्कै गर्ने प्रवृत्तिले समाजमा प्रहरीप्रति नकारात्मक धारणा विकास हुँदै गएको बताए।



उनले नेपाल प्रहरीको संगठनमा देखिएका समस्याहरुको समाधान गर्दै स्वतन्त्र रुपमा अपराध अनुसन्धान गर्ने वातावरणको निर्माण हुनेगरी विधेयक ल्याउनुपर्ने बताए। उनले प्रहरीको सेवा समूहभित्र कानून र लेखा समूहसँगै प्रहरी निजामति कर्मचारीको समूह समेत समावेश गर्न प्रस्ताव राखे।

उनले भने, 'एउटा गृहमन्त्री हुँदा त्यही प्रहरीको प्रमुखले एउटा कुरा भनिदिने अनि अर्को गृहमन्त्री हुँदा त्यसैलाई अर्को भनिदिने ? यो प्रवृसत्तले आम जनमानसमा राम्रो सन्देश गएको छैन। त्यसैले नेपाल प्रहरीलाई कसरी सुधार गर्न सकिन्छ भन्ने कुरामा गम्भिर हुन जरुरी छ जस्तो लाग्छ। संशोधनका सन्दर्भमा प्रहरी संगठनमा रहेको सेवा समूहमा कानून समूह, लेखा समूह छन्। प्रहरी निजामति कर्मचारीलाई पनि समावेश गर्न सकिन्छ कि भनेर सुझाव प्रस्तुत गरेको छु।'

नेकपा (एमाले)की सचेतक सुनिता बरालले सीमा नाकामार्फत हुने अवैध ओसारपोसार बढ्दै गएको बताइन्। उनले प्रहरीलाई आवश्यक अधिकार प्रत्यायोजन नहुँदा भारत तथा चीनसँग नाका जोडिएका सीमाहरुमार्फत भइरहेको अपराध नियन्त्रण प्रभारवकारी रुपमा संचालन गर्न नसकिएको बताइन्। उनले बन्दै गरेको ऐनमा खुला सिमानाका कारण गम्भीर फौजदारी कसुरमा संलग्न व्यक्तिहरुको फरार तथा अवैध धनमालको ओसारपोसार नियन्त्रण गर्न नेपाल प्रहरीलाई आवश्यक अधिकार प्रदान गर्नुपर्ने बताइन्।

'खुला सिमानाका कारण गम्भीर फौजदारी कसुरमा संलग्न व्यक्तिहरुको फरार तथा अवैध धनमालको ओसारपोसार नियन्त्रण गर्न नेपाल प्रहरीलाई आवश्यक अधिकार प्रदान गर्ने भनेर थप्नुपर्छ होला। म नेपालको सबैभन्दा धेरै खुला सिमाना भएको जिल्लाको प्रतिनिधित्व गरेको भएर अनुभव गरेको पनि विषय हो। खुला सिमानाका कारण भएका समस्याको समाधान गर्नको लागि विषेश अधिकार प्रदान गरेर नै हामीले अधिकार थप गर्नुपर्छ' उनले भनिन्।

# विपद्जन्य सूचना प्रवाहलाई प्रभावकारी बनाइने

**काठमाडौं/मस-** विपद्जन्य सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउने विषयमा कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंह र सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङबीच छलफल भएको छ।



सहरी विकास मन्त्रालयमा सोमबार भएको छलफलमा सूचना प्रवाहका लागि सञ्चार मन्त्रालयले गर्नसक्ने कामका बारेमा छलफल भएको हो।

कार्यवाहक प्रधानमन्त्री सिंहको अध्यक्षतामा बसेको राष्ट्रिय विपद् व्यवस्थापन परिषद्को बैठकले विपद् जोखिमलाई ध्यान दिँदै मौसम पूर्वानुमानपछिको पूर्वसूचना प्रभावकारीरूपमा प्रभाह गर्ने निर्णय गरेको सहरी विकास मन्त्रालयले जनाएको छ।

भारी वर्षा भएको समय र सो क्षेत्र वरपर सुरक्षित रहन स्थानीयवासीलाई एसएमएस पठाउने, स्थानीय एफएम र सामाजिक सञ्जालमार्फत मौसम बुलेटिन तथा सूचना प्रशारण गर्ने, मोबाइलमा 'अर्ली वार्निङ रिङ' बजाएर जोखिम क्षेत्रमा समयमै सचेत गराउने विषयमा कार्यवाहक प्रधानमन्त्री सिंह र सञ्चारमन्त्री गुरुङबीच छलफल भएको हो। सो क्रममा सञ्चारमन्त्री गुरुङले सरोकारवाला निकायहरूसँग छलफल गरेर आवश्यक समन्वय गर्ने बताए। कार्यवाहक प्रधानमन्त्री सिंहले विपद्को समयमा मौसमपूर्वानुमानअनुसार पूर्वसूचनालाई प्रभावकारी बनाउन सके सम्भावित जोखिम कम गर्न र क्षति हुन नदिन महत्वपूर्ण भूमिका रहने भन्दै सूचना प्रवाह प्रभावकारी बनाउन आवश्यक रहेकोमा जोड दिएका थिए।

**एमालेभित्र...**

घोषणा गरेकी हुन्। भण्डारीको पुनरागमन पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन माओवादी केन्द्रमा फर्किएको घटनाको पुनरावृत्ति जस्तै भएको छ।

पछिल्ला केही महिनायता मदन भण्डारी फाउन्डेशनमार्फत् राजनीतिक गतिविधि बढाएकी उनले गत महिना चीनको उच्चस्तरीय भ्रमणसमेत गरेकी छिन्। भण्डारीका सहयोगीहरूका अनुसार उनले चीनबाट कम्युनिष्ट एकताको सन्देश ल्याएकी छन्। यही पृष्ठभूमिमा शनिबारको कार्यक्रमलाई राजनीतिक रूपमा विशेष चासोका साथ हेरिएको हो।

देशकै सर्वोच्च पद सम्हालिसकेकी भण्डारीको राजनीतिक पुनरागमनले एमालेभित्र अहिले हलचल मच्चिएको छ। सक्रिय राजनीतिमा आएर उनी पार्टीको नेतृत्व र सम्भवतः देशको कार्यकारी प्रमुख बन्ने योजनामा रहेकी उनी निकट नेताहरू बताउँछन्।

हाल सत्तारूढ एमालेभित्र दुई कार्यकालको सीमा र ७० वर्ष उमेरको सीमाका विषयमा छलफल तीव्र भइरहेका बेला ६४ वर्षीया भण्डारीले सक्रिय राजनीतिमा फर्किनु अर्थपूर्ण मानिएको छ।

२०७२ को संविधान जारी भएपछि राष्ट्रपति बनेकी भण्डारीले पार्टी सदस्यता त्यागेकी थिइन्। तर उनले आफुले पार्टी सदस्यता नवीकरण गरेको सार्वजनिक जानकारी गरिन्।

**विभाजित नेताहरू**

भण्डारीको पुनरागमनले एमालेभित्र विशेषगरी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र उनका नजिकका सहयोगीहरूसँगै पार्टीका धेरै नेता तथा कार्यकर्ताहरू ध्रुवीकृत भएका छन्। वरिष्ठ नेता प्रदीप ज्ञवाली र महासचिव शंकर पोखरेल भण्डारीको सक्रियताको विपक्षमा छन्।

भण्डारीले आफूलाई 'एकतावद्ध नेतृ' को रूपमा प्रस्तुत गर्दै ओलीको स्वास्थ्य अवस्था र पार्टीभित्रको गुटबन्दीलाई संकेत गरेपछि केन्द्रदेखि तल्लो तहका थुप्रै नेताहरू उनीप्रति आकर्षित हुने देखिएको छ। भण्डारीले विभाजित वाम शक्तिहरूलाई एकत्रित गर्न सक्ने संकेत गरिपछि पनि नेता तथा कार्यकताहरू ध्रुवीकृत हुन थालेका हुन्।

भण्डारीको पार्टी पुनरागमन कार्यक्रममा अध्यक्ष ओलीसहितका नेताहरूले दिएको अभिव्यक्तिले पार्टी २ धारमा बगेको प्रस्ट देखिएको छ। एउटा धारको नेतृत्व ओली र अर्को धारको नेतृत्व भण्डारीले गर्ने संकेत देखिएको नेताहरू नै बताउँछन्।

एमालेको पदाधिकारीमा १९ जना छन् र को कता लाग्छन् भन्ने चासोका साथ हेरिएको छ। कतिपय नेताहरू ध्रुवीकृत भएपनि केही अझै खुलेका छैनन्। एक नेताले भण्डारीको पक्षमा ९ जना पदाधिकारी रहेको दाबी गरे। यस्तै ओली समूहमा ७ छन्। २ जना पदाधिकारी अहिले कसैको पक्षमा देखिएका छैनन्। पदाधिकारी पनि रहेका सचिव टोपबहादुर रायमाझी निलम्बनमा छन्।

उपाध्यक्ष सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यले भण्डारीलाई साथ दिने सम्भावना छ।

एमालेमा अध्यक्ष ओलीलाई वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले काउन्टर दिइरहेका छन्। त्यसैकारण सम्भवतः उनले नै भण्डारी समूहको नेतृत्व गर्नेछन्।

भण्डारीको पक्षमा लागेका यी ३ नेताहरू अहिले पनि ओलीका कतिपय निर्णयको विपक्षमा रहने गरेका छन्। एमालेको विधानमा भएको ७० वर्षे उमेर र २ कार्यकालको बाध्यात्मक व्यवस्थाको पक्षमा उनीहरू छन्। त्यसैले, उनीहरूको साथ ओलीभन्दा भण्डारीको पक्षमा हुने आकलन गरिएको छ।

त्यसैगरी उपमहासचिव तथा सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङ पनि भण्डारीकै पक्षमा रहने सम्भावना छ। गुरुङलाई भण्डारीकै कोटाबाट मन्त्री बनाइएको हो। अहिले ओलीको पक्षमा उपाध्यक्ष रामबहादुर थापा, गुरु बराल, महासचिव शंकर पोखरेल, उपमहासचिवद्वय प्रदीप ज्ञवाली र विष्णु रिमाल खुलेर देखिएका छन्। भण्डारीले सक्रिय राजनीतिमा फर्किने घोषणलाई महासचिव पोखरेलले आलोचना गरेका थिए।

**नयाँ नेतृत्वको आवाज**

भण्डारीले राजनीतिमा पुनः सक्रिय हुने घोषणा गरेसँगै उनले नेतृत्व सम्हाल्ने विश्वास कतिपयले व्यक्त गरेका छन्। एमालेभित्र नेतृत्व परिवर्तनको माग तीव्र बन्दै गएको छ। यद्यपि पार्टीभित्र यो आवाज पहिले पनि उठेको थियो। एमालेले २०-२२ साउनदेखि ललितपुरको गोदावरीमा दोस्रो विधान महाधिवेशन गर्दैछ। यही महाधिवेशनले पार्टीको ११औं महाधिवेशनको मिति पनि तय गर्नेछ, जसबाट नयाँ नेतृत्व चयन हुनेछ। अहिले पार्टीभित्र नयाँ नेतृत्वको आवाज पनि तीव्रताका साथ उठेको छ। एमालेले उमेर सीमा र २ कार्यकालको विषय विधान महाधिवेशनमार्फत टुंग्याउने निर्णय गरेको छ। यदि यो विषय लागू भयो भने अध्यक्ष ओलीसहित उपाध्यक्षहरू ईश्वर पोखरेल, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली र रामबहादुर थापा जस्ता ७० वर्ष नाघेका नेताहरू स्वतः बाहिरिनेछन्।

**सरकारी...**

बताइएको छ। पूर्वराष्ट्रपतिलाई सरकारले स्वकीय सचिव, सुरक्षाकर्मी, गाडी, इन्धन, घरभाडा, कार्यालय सहयोगीलगायतका सेवा सुविधा उपलब्ध गराउँदै आएको छ।

**देउवासँग...**

प्रगति सन्तोषजनक छैन्। पछिल्लो समय शेखर-गगनसमेत फरक-फरक कार्यक्रम लिएर भूगोल केन्द्रित छन्। उनीहरूको यो अभियानले दुवै नेताहरू १५ औं महाधिवेशनमा सभापतिका उम्मेदवार हुने स्पष्ट संकेत गरेको छ।

सभापति देउवा आफू प्रधानमन्त्री नभई पार्टीको नेतृत्व छाड्न चाहँदैनन्। त्यसकारण पनि महाधिवेशन २०८३ अघि नहुने करिब पक्का भएको नेताहरू बताउँछन्। 'पार्टीको क्रियाशील सदस्यतालगायत महाधिवेशनको तयारी भएको छैन्' पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले मध्यान्हसँग भने 'तर, पार्टीको विधान अनुसार महाधिवेशन हुन्छ। केही नेताले २०८२ मै हुनुपर्छ भन्दैमा महाधिवेशन भइहाल्छ भन्ने छैन। पहिला पार्टी संगठन बलियो बनाउने, महाधिवेशनका न्यूनतम तयारी गर्ने कुरामा यो समूह त्यो समूह नभनी सबै लागौं, महाधिवेशन समयमै हुन्छ।'

उनले नेता कोइरालाप्रति लक्षित गर्दै यस्तो टिप्पणी गरेका हुन्। पार्टी विधानले दिएको १ वर्ष र संविधानले दिएको ६ महिना कार्यकाल थप्ने विषयमा पार्टी पदाधिकारी र देउवा पक्षका नेताहरू सकारात्मक छन। तर नेता कोइराला समूहले महाधिवेशन सर्नुपर्ने कारण माग गर्दै आएका छन्।

कोइरालाले सोमबार पार्टी बैठकमा सभापति र पदाधिकारी लक्षित थुप्रै टिप्पणीहरू गरे। संस्थापन पक्षबाट कोइरालाको आवाज नसुन्ने प्रवृत्ति बढेपछि कोइराला आक्रामक बनेको नेताहरूको बुझाइ छ।

कोइरालाले भने आफू भागबण्डाको राजनीति नगर्ने बताउँदै पदाधिकारीहरूले पार्टीका आन्तरिक कुरामा गरेको निर्णयमा कहिल्यै फरक मत नराखेको जिकिर गरे। आफ्नो सहनशीलता र भद्रतालाई कमजोरी नठान्न कोइरालाले पार्टी नेतृत्वलाई चेतावनीसमेत दिए। देउवा समूहका केन्द्रीय सदस्य नैनसिंह महरले पनि पार्टीको महाधिवेशन समयमै गर्नुपर्नेमा जोड दिए।

**शेखरका...**

कहाँ पुग्यो ? सभापतिज्यूले यसको चितबुझ्दो जवाफ दिनुपर्छ।' एमालेको समर्थनमा कांग्रेसले सरकारको नेतृत्व गर्नुपर्ने पटक पटक दबाब दिँदा पनि एमालेलाई सत्ताको साँचो सुम्पिएको उनको आरोप छ। कोइरालाले पार्टीको अनुशासन समितिमाथि समेत प्रश्न उठाएका छन्। केन्द्रीय समितिभन्दा बाहिरका वरिष्ठ नेताहरूलाई अनुशासन समितिमा राख्नुपर्ने उनको सुझाव छ।

'अब पार्टीको अनुशासन समितिमा केन्द्रीय समितिभन्दा बाहिरका वरिष्ठ साथीहरूलाई राख्नुपर्छ', उनले भने 'अहिले अनुशासन समितिमा रहनुभएका साथीहरू कति कमजोर हुनुहुन्छ भने कारबाहीको लागि सिफारिस भएका केन्द्रीय सदस्यलाई एउटा चिट्ठीसम्म पनि काट्न सक्ने ताकत राख्नु हुँदोरहेनछ।' यस्तो अनुशासन समितिले निष्पक्ष काम गर्न नसक्ने दाबी गरेका नेता कोइरालाले एउटै प्रकृतिको विषयमा कसैलाई सचेत गराइएको र कसैलाई निलम्बन गर्ने प्रस्तावले कारबाहीमा विभेद भएकोमा आपत्ति जनाए।

निर्वाचनका समयमा गठबन्धनका नाममा निष्ठावान र इमान्दार कार्यकर्तालाई टिकटबाट वञ्चित गरिएकाहरूलाई नै अनुशासन कारवाहीको कैंची चलाएर फेरि उनीहरूको राजनीति समाप्त गर्न खोजिंएको भन्दै नेता कोइरालाले पार्टी सभापति तथा पदाधिकारीको ध्यानाकर्षण गराएका छन्। सर्वोच्च अदालतले दोषी किटान गरेका सर्लाहीका पार्टी सभापतिलाई पदबाट नहटाएको विषयसमेत बैठकमा उनले उठान गरेका छन्। यो घट्नाले कांग्रेसलाई कति क्षति पुग्दैछ भन्ने कुरा सभापति र पदाधिकारीले बुझ्नु पर्ने उनको तर्क छ। त्यस्तै केन्द्रीय सदस्य. विनोद चौधरीको योग्यतामाथिसमेत प्रश्न उठेको छ। चौधरीको क्रियाशील सदस्यता १० वर्षे अवधि नपुगेकाले उनलाई केन्द्रीय सदस्य बनाउनु अवैधानिक भएको उनको तर्क छ। त्यस्तै नवलपरासीमा २४ भदौ २०८० मा प्रथम राष्ट्रपति डा. रामवरण यादवले विपी.कोइरालाको शालिक अनावरण गर्ने कार्यक्रम र १७ मंसिर २०८१ मा सप्तरीमा विपी कोइरालाको शालिक अनावरणमा आफूलाई केन्द्रीय नेता र पूर्वमन्त्रीहरूले नै बहिष्कार गरेको विषयलाईसमेत उनले स्मरण गराए। विपी कोइरालाको शालिक अनावरणमा अवरोध गर्नेहरूलाई अनुशासनको कारबाही हुनुपर्ने उनको माग छ। नेता कोइरालाले नेविसंघ, तरुण दल, महिला संघको अवधि जति थपेपनि अधिवेशन हुन्छ भन्नेमा अविश्वास व्यक्त गरे। 'तरुण दलको अनसन र नेविसंघको प्रदर्शनलाई सम्बोधन गरेर जानु पर्ने उनले बताए। नेपाल दलित संघको ४२ जिल्ला विघटन गरिएकोप्रति असन्तुष्ट व्यक्त गर्दै नेता कोइरालाले भने 'दलित संघका अध्यक्षलाई जिल्ला विघटनको अधिकार कसले दियो ? यसको जवाफ चाहियो।'

**१३ एजेन्डामाथि छलफल**

केन्द्रीय समिति बैठकमा सरकारमा सहभागी भएका मन्त्रीहरूका प्रतिवेदनसहित १३ वटा एजेन्डामाथि छलफल जारी छ। पार्टीले केही समय अघि गरेको १ सय दिने अभियानका प्रतिवेदनहरू, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको निर्देशिका संशोधन, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको प्रतिवेदन, अनुशासन समितिको प्रतिवेदन र क्रियाशील सदस्यता नवीकरण प्रगति विवरण लगायतका विषयमा कांग्रेसले बैठकका एजेन्डा तय गरेको छ।

त्यस्तै, केही भ्रातृ संस्थाबारे निर्देशक समितिको रायका आधारमा उपयुक्त निर्णय लिने, नेपाली जनसम्पर्क समितिको व्यवस्थापन र विस्तार, शुभेच्छुक संस्थाको रूपमा मान्यता प्राप्त 'नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संघ' र 'नेपाल लोकतान्त्रिक संस्थागत तथा निजी विद्यालय शिक्षक संघ' (निस्टा)को नाम संशोधन सम्बन्धमा पनि छलफल भइरहेको हो।

त्यस्तै, कार्यसम्पादन समिति बैठकको निर्णय अनुमोदन, जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका पारित, संसद र सरकारमा पार्टीको भूमिका प्रभावकारिता विषयमा मन्त्रीहरूको प्रतिवेदनसहित छलफल हुने जनाइएको छ। त्यस्तै, समसामयिक विषय अन्तर्गत राजनीतिक, सामाजिक, शैक्षिक, प्रशासनिक र विविध विषयमा छलफल भइरहेको छ। बैठक केही दिन चल्ने कांग्रेसले जनाएको छ।

**बझाङमा...**

बताउँछिन्। 'अभिभावकलाई जिम्मा लगाएर ती किशोर-किशोरीलाई पढ्न सुझाव दिँदै घर फर्काएका थियौं, तर केही दिनमै उनीहरू भागेर फेरि व्यक्तिसँग विवाह गरेका उदाहरण प्रशस्तै छन्,'उनले भनिन्।

उनका अनुसार शिक्षाको कमी र अभिभावकको कमजोर निगरानी मुख्य कारण हो। सामाजिक सञ्जालको दुरुपयोग तथा प्रविधिको पहुँचले पनि अहिलेको पुस्तालाई छिटो परिपक्वजस्तो बनाइरहेको छ, जुन उमेरको तुलनाभन्दा व्यवहारमा झनै जोखिमपूर्ण देखिन्छ।

बझाङ जिल्लाभरि बालविवाह गर्ने दर ६६ प्रतिशत छ। २०७८ सालको जनगणनाअनुसार जिल्लाका १२ पालिकामध्ये सबैभन्दा बढी २० वर्षमुनि विवाह गर्ने दर सुर्मा गाउँपालिकामा ८३ प्रतिशत छ। यस पालिकामा १८ वर्षमुनि विवाह गर्ने दर ३८ प्रतिशत छ। विकट साईपाल गाउँपालिकामा ७६ प्रतिशतले २० वर्षमुनि विवाह गर्छन् भने ३६ प्रतिशतले १८ वर्षमुनि नै विवाह गर्ने गरेका छन्।

यस्तै, बुंगल नगरपालिकामा ७२ प्रतिशतले २० वर्ष नपुग्दै बाल विवाह गरेका छन् भने १८ वर्ष नपुग्दै २५ प्रतिशतले विवाह गरेको २०७८ को जनगणनाको तथ्यांकमा उल्लेख छ। यस्तै, विथ्थडचिर गाउँपालिकामा ७१ प्रतिशतले २० वर्ष नपुग्दै विवाह गर्ने गरेका छन्। १८ वर्ष नपुग्दै यस पालिकामा २७ प्रतिशतलले विवाह गर्ने गरेका छन्।

तलकोट गाउँपालिकामा ७० प्रतिशतले २० वर्षमुनि र ३२ प्रतिशत १८ वर्षमुनिका किशोर किशोरीले विवाह गर्ने गरेका छन्। मष्टा गाउँपालिकामा ६९ प्रतिशले २० वर्ष नपुग्दै विवाह गर्छन् भने ३३ प्रतिशतले १८ वर्ष नपुग्दै विवाह गर्ने गरेका छन्। यता, छविसपाथीभेरा गाउँपालिकामा ६६ प्रतिशतले २० वर्षमुनि र २४ प्रतिशतले १८ वर्षमुनि नै विवाह गर्छन्।

केदारस्युँ गाउँपालिकामा ६१ प्रतिशले २० वर्ष नपुग्दै विवाह गर्छन् भने २० प्रतिशतले १८ वर्षमुनि नै विवाह गर्ने गरेका छन्। त्यसैगरी, थलारा गाउँपालिकामा ६५ प्रतिशतले २० वर्षमुनि र २० प्रतिशतले १८ वर्षमुनि विवाह गर्ने गरेका छन्। दुर्गाथली गाउँपालिकामा ५७ प्रतिशतले २० वर्ष नपुग्दै र २० प्रतिशतले १८ वर्ष नपुग्दै विवाह गर्ने गरेका पाइएको छ।

सदरमुकाम र विकासका दृष्टिले अलि अगाडि रहेको जयपृथ्वी नगरपालिकामासमेत ५६ प्रतिशतले २० वर्ष नपुग्दै र २१ प्रतिशतले १८ वर्षमुनि नै विवाह गर्ने गरेको तथ्यांक छ। खप्तडछान्ना गाउँपालिकामा समेत २० वर्ष नपुग्दै ५८ प्रतिशत र २१ प्रतिशतले १८ वर्षमुनि विवाह गर्ने गरेका छन्। बुंगल-२ का मानबहादुर धामीले भने, 'सामाजिक सञ्जाल, विशेषतः मोबाइल फोन र फेसबुकजस्ता सामाजिक सञ्जालले बालबालिकाको मानसिकता नै परिवर्तन गरिदिएको छ।'

अहिले १४-१५ वर्षमै उनीहरू प्रेममा परेर भाग्ने, विवाह गर्नेजस्ता गतिविधि हुँदै आएका छन्। यसले उनीहरूको शिक्षा, भविष्य र सामाजिक हैसियतमा गम्भीर असर पुऱ्याइरहेको उनी भन्छन्।

**के गर्दैछ...**

अनुसार बालविवाह न्यूनीकरणका लागि कानुनी पवबन्ध र कार्यक्रमले मात्र पुग्दैन। यो समस्याको मूल कारण शिक्षा, अभिभावकीय निगरानी, प्रविधिको उपयोगबारे चेतना र सामाजिक संरचना आफैं हो। यसलाई निराकरण गर्न सबै पक्षको समन्वयात्मक पहल आवश्यक छ। स्थानीय तह, नागरिक समाज, विद्यालय, अभिभावक र स्वयं बालबालिकाले समेत आफ्नो जिम्मेवारी बुझे मात्र दीर्घकालीन समाधान सम्भव हुने जानकारहरू बताउँछन्।

**निजामतीमा...**

छुट्टै निषेधात्मक व्यवस्था राखिएको छ। जसमा संवैधानिक, कूटनीतिक नियुक्ति तथा सरकारले गर्ने अन्य नियुक्ति बाहेकका पदमा नियुक्ति लिन नमिल्ने व्यवस्था थपिएको हो। त्यसलाई निजी क्षेत्र वा अरु निकायमा काम गर्ने रुपमा समेत अर्थ लगाउन सकिन्छ। अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रुपमा काम गर्न पनि निषेध गरिएको थियो। त्यो बाहेक अवकाश हुने पछिल्लो एक वर्षभित्र बहाल रहेको निकायसँग सम्बन्धित कार्यक्षेत्र वा नियमन गर्ने भए त्यस्ता संस्थामा काम गर्न निषेध गरिएको छ।

उपदफा (५)को (ख)मा समावेश भएको संवैधानिक, कूटनीतिक नियुक्ति तथा सरकारले गर्ने नियुक्ति बाहेक अरु नियुक्तिलाई मात्रै बन्देजात्मक व्यवस्थासहितको विधेयक बनाइएको भन्दै प्रश्न उठेको हो।

लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीका अनुसार योजनाबद्धरुपमा शब्द घुसाइएको छ। टाइप र प्रिन्ट गर्दाको त्रुटि हो भने मिलाउन उनको सुझाव छ।

राज्य व्यवस्था समितिका सभापति खतिवडाका अनुसार विधेयक परिमार्जन गर्ने क्रममा केही शब्दहरू थपिएको भनेर राज्य व्यवस्था समितिले समेत मिलाउने तयारी गरेको छ।

उनकाअनुसार निजामती सेवाबाट अवकाश भएकाहरूले संवैधानिक नियुक्ति लिन दुई वर्ष पर्खनुपर्ने हुन्छ। यही अनुसार ऐन बन्छ। जसलाई कुलिङ पिरियड भन्ने गरिन्छ। कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को सरकारी नियुक्ति नलिने भन्ने व्यवस्था हो।

**जानको...**

दिइने अनुमति सिओई र भिसा दुवै कागजात पाइसकेका कामदारलाई पुनः भाषा परीक्षाका नाममा १५ वर्षदेखि सिन्डिकेट शैलीमा मनपरी गरेको भन्दै वैदेशिक रोजगार विभाग र जाइका अलमुनाइ एसोसिएसन 'जान'को चौतर्फी आलोचना भएको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित दर्जनौं पेशागत संघ संगठनलगायतका सामाजिक क्षेत्रका संघ संस्थाहरूले कानुनले नचिन्ने एक एनजिओ खडा गरेर १५ वर्षदेखि सिन्डिकेट लागू गरी जापान जाने सामान्य श्रमिकमाथिको लुट धन्दा संस्थागत भएको भन्दै अन्त्य हुनुपर्ने माग गर्दै आएका छन्।

वैदेशिक रोजगार विभागले सिधै दिनुपर्ने अन्तिम श्रम स्विकृति अनेकन बाहाना गरी सीओई र भिसा दुबै पाएका नेपाली श्रमिकलाई पुनः भाषा परीक्षा भन्दै गैरकानुनी ढंगले जाइका अलमुनाइ एसोसिएसन 'जान' नामक संस्था खडा गरी परीक्षाको नाममा १५ वर्षदेखि अनावश्यक दुःख दिइरहेको उनीहरूको भनाइ छ। भिसा पाएको र हातमा सीप भएका कामदारलाई भाषा परीक्षामा असफल बनाइएका कारण कम तलब र बढी जोखिम भएका खाडी मुलुकमा जानु परेको र धेरैजसो विभिन्न रोगबाट पीडित हुनुपरेको पनि सरोकारवालाहरूको भनाइ छ। नेपाल सरकारले फ्रि भिसा फ्रि टिकटको नीति लागू गरेको छ। तर उक्त संस्थाले योग्य भइस केको व्यक्तिलाई परीक्षाको नाममा एक श्रमिक बराबर ३ हजार ३ सय परीक्षा शुल्क लिने गरेको छ। उक्त गैरसरकारी संस्थालाई नेपाल र जापान दुवै देशका कानुनले चिनेका छैनन्।

विगतमा वैदेशिक रोजगार विभागका केही कर्मचारीको मनोमानी ढंगले श्रमिकबाट अनावश्यक शुल्क लिएर 'जान' नामको संस्थालाई कथित परीक्षाको अनुमति दिएको विषयमा छानबिनको माग पनि बढेको छ।

उक्त संस्थाले लिने परीक्षामा फेल भए भिसा प्राप्त भइसकेको नेपाली कामदारलाई जापान उड्नबाट रोक लगाइन्छ। म्यानपावरले आवश्यक भाषा तथा प्रशिक्षण गराइसकेपछि जापानले समेत सदर गरी भिसा नै उपलब्ध गराइसकेको अवस्थामा अन्तिम श्रम स्वीकृतिको नाममा गैरकानुनी बाटोबाट नेपाली कामदार १५ वर्षदेखि लुटिएको विषय अन्तर्राष्ट्रिय प्रचलन विपरीत र अन्यायपूर्ण भएकाले आफूहरू सर्वोच्च पुगेको अधिवक्ता खगेन्द्रप्रसाद चापागाईं बताउँछन्।

**कुवेतमा..**

पाइएको भन्दै कारोबारीले चलाखीपूर्ण व्यवहार गरेर सुरक्षाकर्मीलाई छक्याउन खोजेको बताएका छन्।

पक्राउ परेका नेपालीलाई जफत गरिएका बोतलहरूसँगै सम्बन्धित कानुनी अधिकारीहरूलाई बुझाइएको छ। कुवेतको मदिरा उत्पादन र वितरणसम्बन्धी कडा कानुनअनुसार उनीमाथि कारबाही हुने बताइएको छ।

अवैध मदिराको उत्पादन र वितरण नियन्त्रण गर्न कुवेत सरकारले निरन्तर प्रयास जारी राखेको छ भने हालैका महिनाहरूमा अवैध मदिरा कारखाना र तस्करीमा संलग्न धेरै व्यक्ति पक्राउ परेका छन्। अवैध मदिराको ओसारपसारले गम्भीर स्वास्थ्य र सुरक्षा जोखिम निम्त्याउने इन्टरपोल प्रहरीको भनाइ छ।

**नागार्जुनका...**

राहत संकलन कोषमा भराउने फैसला समेत अदालतले गरेको छ।

त्यस मुद्दामा बस्नेतसहित कँडेल पनि दोषी ठहर भएका थिए। अदालतले निलम्बित मेयर बस्नेतकी श्रीमती उर्मिलालाई भने सफाइ दिएको छ।

बस्नेतले नगरपालिका जस्तो सार्वजनिक ओहोदाको पदमा बसेर कसुर गरेको ठहर गर्दै थप ३ महिना कैद सजाय गर्ने निर्णय पनि अदालतले गरेको छ।

यस्तै सम्पत्ति शुद्धीकरणतर्फ बस्नेतले १३ करोड १२ लाख ७३ हजार ३२ रुपैयाँ ३३ पैसा सम्पत्ति शुद्धिकरण गरेको देखिँदा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा १ बमोजिम ३ वर्ष कैद सजाय हुने, बिगोको दोब्बर २६ करोड २५ लाख ४६ हजार ६४ रुपैयाँ ६६ पैसा जरिवाना हुनेसँगै सम्पत्ति जग्गासमेत जफत हुने फैसला गरेको छ।

यस्तै प्रमुख बस्नेतलाई सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ३० को उपदफा ७ बमोजिम राष्ट्रसेवकले गरेको सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा थप १० प्रतिशत सजाय हुने भएको छ। जसमा कैदतर्फ ३ महिना १८ दिन र जरिवानातर्फ २ करोड ६२ लाख ५४ हजार ६०० रुपैयाँ ४६ पैसा जरिवाना थपिएको छ।

**पत्रकार पाठकविरुद्ध साइबर अपराधको मुद्दा**

पत्रकार दिलभूषण पाठकविरुद्ध साइबर अपराधमा मुद्दा दर्ता भएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले पाठकविरुद्ध विद्युतीय कारोबार ऐनको दफा ४७ को (१) बमोजिम सजाय मागदाबी गर्दै मुद्दा दायर गरेको हो। मुद्दा सोमबार दर्ता भएको काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख रामहरि शर्मा काफ्लेले बताए।

सरकारी वकिलको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता पूर्णेन्द्र पाण्डेयले दायर गरेको अभियोग दाबीमा विद्युतीय (इलोक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७, विद्युतीय स्वरुपमा गैरकानुनी कुरा प्रकाशन गरेको कसुरमा १ लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजायको माग गरिएको छ। सरकारी वकिलको कार्यलयले पाठकलाई फरार सूचीमा समेत राखेको छ।

२८ जेठमा पत्रकार पाठकविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो। पाठकले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका छोरा जयवीरले हिल्टन होटल खरिद गर्न लागेको भिडियो सामग्री प्रसारण गरेका थिए। 'टफ टक' नामक युट्युबाट सार्वजनिक गरिएको भिडियो आधारहीन रहेको दाबीसहित जयवीरका तर्फबाट उजुरी परेपछि साइबर ब्युरोले अदालतबाट पक्राउ पुर्जी लिएको थियो। ५ असारमा उच्च अदालत पाटनले पत्रकार पाठकलाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको थियो। त्यही कारण पाठकलाई पक्राउ नगरी मुद्दा दायर गरिएको हो।


**कतारमा रोजगार**
कम्पनी: SUN FLAG CONTRACTING CLEANING AND SERVICES शहर: QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८१/१२/११ चलानी नं.: ६०२३५११८ LT. No.: 320948 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Site Supervisor | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2800 | १०४,५५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 0 | 1 | | 1300 | ४८,५४२ | | | | | | | |
| 3. | Administrative Assistant | 0 | 1 | | 5500 | २०५,३७० | | | | | | | |
| 4. | Technician Electrical | 1 | 0 | | 1500 | ५६,०१० | | | | | | | |
| 5. | Supervisor | 1 | 0 | | 2800 | १०४,५५२ | | | | | | | |
| 6. | Foreman | 1 | 0 | | 2800 | १०४,५५२ | | | | | | | |
| 7. | Driver | 1 | 0 | | 1700 | ६३,४७८ | | | | | | | |
| 8. | Carpenter | 1 | 0 | | 1400 | ५२,२७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २४ गते (8 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

POWER SUPPORT EMPLOYMENT PVT.LTD. License No: 1710/081/082
Sinamangal-09, Kathmandu, Nepal, Ph No: +977-01-5922710, 9851154184, 9801155184,
Gmail: info@powersupport.com.np, poweremp33@gmail.com, Web: www.powersupport.com.np



**साउदीमा रोजगार**
कम्पनी: SGC Arabia Limited is one person शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०३/१६ चलानी नं.: ६०२४०४३१ L.T. No.: 326476

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६५,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २४ गते (8 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोवाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# युवाहरू राष्ट्र निर्माणको अग्रपंक्तिमा उभिनुपर्छ : उपराष्ट्रपति

**काठमाडौं/मस-** उपराष्ट्रपति रामसहायप्रसाद यादवले युवाहरू उद्यमशीलता, रोजगारी र सीप विकासमार्फत राष्ट्र निर्माणको अग्रपंक्तिमा उभिनुपर्ने बताएका छन् ।

राष्ट्रिय युवा परिषद्को आयोजनामा काठमाडौंमा सुरु भएको 'युवा उद्यमशीलता प्रवर्द्धन सम्मेलन'लाई सम्बोधन गर्दै उनले उक्त कुरा बताए ।

'युवाका लागि अबको निकास: उद्यमशीलता, रोजगारी र सीप विकास' भन्ने नारासहित आयोजित सम्मेलनमा उपराष्ट्रपति यादवले युवाहरूको साहस, सृजनशीलता र सम्भावनालाई नेपालको उज्ज्वल भविष्यको आधारका रूपमा उल्लेख गरे । 'नेपालको कुल जनसंख्याको ठूलो हिस्सा ओगट्ने युवाशक्ति आजको यथार्थमात्र होइन, उज्यालो भविष्यको सुनिश्चितता पनि हो', उनले भने, 'युवाहरू नवप्रवर्तनशील सोच र उद्यमशील दृष्टिकोणका साथ राष्ट्र निर्माणको अग्रपङ्क्तिमा उभिनुपर्छ ।'



उपराष्ट्रपति यादवले राष्ट्रिय युवा परिषद्ले प्रदेशस्तरीय सम्मेलनहरूबाट केन्द्रीय तहसम्म आइपुग्दा उद्यमशीलता प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै प्रशंसा गरे । यस्ता सम्मेलनले सरकारका नीति र कार्यक्रमलाई युवासँग जोड्न, निजी क्षेत्रसँग सहकार्य सुदृढ गर्न र स्टार्टअप संस्कृति प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो ।

उपराष्ट्रपति यादवले जलविद्युत्, पर्यटन, कृषि, जडीबुटी, साना तथा घरेलु उद्योग र डिजिटल उद्यमजस्ता क्षेत्रमा युवालाई केन्द्रमा राखेर नीतिनिर्माण र कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

'हाम्रो चाहना नेपाली युवा समस्या देखाउनेमात्र नहोस्, स्वयं समाधान पनि बनोस् भन्ने छ', उनले भने, 'यसका लागि सशक्त वातावरण, अनुकूल नीति, वित्तीय पहुँच र युवाप्रतिको विश्वास अपरिहार्य छ ।' उपराष्ट्रपति यादवले युवाहरूलाई व्यवसाय सुरू गर्न आवश्यक पुँजी, सीप र मार्गदर्शन प्रदान गर्न सरकार, निजी क्षेत्र, शैक्षिक संस्थान, वित्तीय निकाय र नागरिक समाजले साझा जिम्मेवारी लिनुपर्ने बताए ।

उनले बेरोजगारी घटाउन र युवालाई स्वरोजगारका लागि प्रेरित गर्न यो सम्मेलन कोशेढुंगा बन्ने विश्वास व्यक्त गरे । उपराष्ट्रपति यादवले सम्मेलनको सफलताका लागि आयोजक राष्ट्रिय युवा परिषद्लाई बधाई दिँदै युवाहरूको सृजनशीलता र जोशलाई व्यावहारिक रूपान्तरण गरी समृद्ध नेपाल निर्माणमा योगदान पुऱ्याउन शुभकामना व्यक्त गरे ।

# मधेश सरकारले ८६ लाख वृक्षारोपण गर्ने



**जनकपुरधाम/मस-** मधेश प्रदेश सरकारले चुरे क्षेत्रको विनाश रोक्न तथा पर्यावरणको सुरक्षाका लागि वृक्षारोपण अभियान सुरू गर्ने भएको छ । अभियानअन्तर्गत मधेश प्रदेश सरकारले ८६ लाख बिरुवा राप्ने छ ।

प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले उक्त अभियानअन्तर्गत प्रदेशका सडकपेटीमा मात्र ४ लाख बिरुवा रोप्ने लक्ष्य रहेको बताए । 'चालु आर्थिक वर्षमा ५० किमी सडकपेटी तथा २७८ हेक्टर क्षेत्रफलमा वृक्षारोपण हुनेछ', घिमिरेले भने । ८६ लाख बिरुवामध्ये ६२ लाख बिरुवा प्रदेश सरकारको बजेटबाट तथा बाँकी संघीय सरकारको ससर्त अनुदान मार्फत उत्पादन गरिने छ । ती बिरुवाहरू सर्वसाधारणलाई निःशुल्क वितरण गरिने छ ।

उत्पादन भएका बिरुवामध्ये करिब आठ प्रतिशत बिरुवा सरकारी वनक्षेत्र तथा डिभिजन वन कार्यालयको मातहत रहने क्षेत्रमा रोपिने छ भने बाँकी ८० प्रतिशत बिरुवा निजी जग्गामा रोपिने छ । यसमार्फत हरियाली विस्तारसँगै वातावरणीय सन्तुलन कायम गर्ने सरकारको दिगो लक्ष्य छ । यस अभियानले वनजंगलको संरक्षण, चुरे क्षेत्रको संरक्षण हुने, नदी तथा भूमि कटान रोकथाम हुने र पर्यावरण सुरक्षा तथा सुधारमा सकारात्मक योगदान पुग्ने प्रदेश सरकारको विश्वास छ । डिभिजन वन कार्यालय धनुषा जनकपुरधामका वन अधिकृत अनिल साहका अनुसार धनुषा जिल्लाअन्तर्गत जनकपुर-ढल्केवर सडक खण्डको दुवै क्षेत्रको पेटीमा ४२ हजार ४ सय बिरुवा रोप्न सुरु भइसकेको छ ।

# सेवाग्राही नआएपछि बिहानी सेवा बन्द

**तनहुँ/मस-** जिल्ला प्रशासन कार्यालय तनहुँले बिहान ७ बजेदेखि सेवा दिँदै आएकामा सोचेअनुसार सेवाग्राही नआएपछि बिहानी सेवा बन्द गरेको छ ।



कार्यालयमा नागरिकता र राष्ट्रिय परिचयपत्रका लागि गत जेठ ३० गतेदेखि बिहान ७ बजेदेखि सेवा प्रवाह गर्न थालिएको थियो । सेवाग्राही न्यून भएपछि कार्यालयले आइतबारदेखि उक्त समयमा सेवा बन्द गरिएको प्रशासकीय अधिकृत विकास श्रेष्ठले जानकारी दिए ।

सेवाग्राहीको चापलाई मध्यनजर गरी सेवा सुरु गरे पनि सेवाग्राही नियमित समयमा नै आउने भएपछि बिहान १० बजेदेखि पूर्ववत् अवस्थामा सेवा दिन थालिएको उनको भनाइ छ । यहाँ केही दिनदेखि दैनिक औसतमा ४२ जना नागरिकता र ११७ राष्ट्रिय परिचयपत्रका लागि आउने गरेका छन् । विगतमा दैनिक १०० भन्दाबढी नागरिकता र २०० भन्दाबढी राष्ट्रिय परिचयपत्रका लागि आउने गरेका थिए । कतिपय सेवाग्राही बिहानदेखि नै कार्यालयको मूलढाकोमा लाइनमा बस्ने गरेको अवस्थालाई मध्यनजर गरी बिहानी सेवा प्रवाह सञ्चालन गरिएको थियो ।

# विद्यार्थी, शिक्षक र अभिभावक पुरस्कृत

**ताप्लेजुङ/मस-**फक्ताङलुङ र सिरिजंगा गाउँपालिकाका विद्यार्थी, शिक्षक, अभिभावक पुरस्कृत भएका छन् ।



कन्चनजंघा हिमालका पहिलो आरोही बेलायती नागरिक जर्ज बेण्ड संस्थापक रहेको हिमालयन ट्रष्ट युकेको सहयोगमा दुई गाउँपालिकाका शिक्षक, विद्यार्थी र अभिभावकहरू पुरस्कृत भएका हुन् । वार्षिक परीक्षामा प्रथम भएका ४२ जना विद्यार्थीले १ हजारका दरले पुरस्कार प्राप्त गरेका छन् भने उत्कृष्ट विद्यालयले ४५ हजार पाएका छन् । हिमालयन ट्रष्टसँगको समन्वयमा काम गरिरहेको संस्था ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्र (रिड) नेपालले सिकाई उपलब्धी प्रवर्द्धन कार्यक्रम अन्तर्गत यसरी पुरस्कृत गरेको हो ।

रिड नेपालको कार्यक्षेत्रका विद्यालयका स्टार टिचर अवार्डबाट ४ जना पुरस्कृत भएका छन् । सरस्वती मावि तापेथोकका मित्र दाहाल, सुनदेवी मावि इखाबुका लिला मावोहाङ, लुङथुङ आधारभूत विद्यालयका मिङमा साङगे शेर्पा, शितला आधारभूत विद्यालय खेवाङका सुमित्रा मग्रान्ती पुरस्कृत भएका हुन् । उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालय कर्मचारीतर्फ कञ्चनजंघा आधारभूत विद्यालयका कविता लिम्बू पुरस्कृत भएकी छन् । स्रोत नेतृत्व समूहतर्फ सरस्वती च्यारिवुक मावि लेलेपका प्रधानाध्यापक मिङमाग्याञ्जे शेर्पा, रानी आधारभूत विद्यालयका प्रधानाध्यापक प्रेमप्रसाद खतिवडा र लक्ष्मी मावि मामाङ्खेका शिक्षक राजेन्द्र भट्टराई पुरस्कृत भए ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा शिक्षक अभिभावक संघतर्फ सरस्वती आधारभूत विद्यालयका दीपक लिम्बू र महेन्द्र आधारभूत विद्यालय खेवाङका जिना राई पुरस्कृत भए । दीपक विद्यालय व्यवस्थापन समिति अध्यक्ष र राई शिक्षक अभिभावक संघका अध्यक्ष हुन् । स्टार स्कुल अवार्डको पुरस्कारबाट लुङथुङ आधारभूत विद्यालयका सोनाम शेर्पा पुरस्कृत भए । बेष्ट प्रफमिङ स्कुल सरस्वती माध्यमिक विद्यालय तापेथोकका प्रधानाध्यापक चन्द्रमणि सुब्बा लिम्बू, रानी आधारभूत विद्यालयका प्रधानाध्यापक प्रेमप्रसाद खतिवडा पुरस्कृत भए ।

# चितवन राष्ट्रिय निकुञ्जमा जिप सफारी बन्द

**भरतपुर/मस-**चितवन राष्ट्रिय निकुञ्जभित्र जिप सफारी बन्द गरिएको छ । निकुञ्जले सूचना जारी गर्दै वन्यजन्तु तथा चराचुरुङ्गीको प्रजननको समय भएकाले सोमबारदेखि लागू हुनेगरी जिप सफारी बन्द गरेको जनाएको छ ।



निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार असोजको पहिलो वा दोस्रो सातासम्म जिप सफारी बन्द गरिएको हो । त्यतिबेला ठूलो वर्षा भएमा केही ढिलो खुल्ने भए पनि बर्सात कम भएमा असोजको पहिलो साता सफारी खुल्नेछ ।

वर्षाको समय जङ्गली जनावरका लागि प्रजननको समय मानिन्छ । मानिसहरू यस समयमा निकुञ्जभित्र प्रवेश गर्दा जङ्गली जनावरको बासस्थान तथा प्रजननमा पनि दखल पर्न सक्ने भन्दै निकुञ्जले जिप सफारी बन्द गरेको हो । मगरका अनुसार बर्खायामको समयमा निकुञ्जको बाटोहरू बिग्रिने तथा बाढी आउने हुँदा पर्यटकहरूको सुरक्षाको समेत मध्यनजर गरिएको हो । निकुञ्ज प्रशासनले हरेक वर्ष बाढीको समयमा व्यावसायिक जिप सफारी बन्द गर्ने गरेको छ ।

निकुञ्जको सौराहा क्षेत्रबाट ३२, कसराबाट २१, मेघौलीबाट ११ र नवलपरासीबाट नौवटा जिपले निकुञ्जभित्र पर्यटक घुमाउने गर्दछन् । निकुञ्जबाहिरका मध्यवर्ती वन क्षेत्रमा जिप सफारी नियमित सञ्चालन हुनेछ ।

# सरकारले बाँकेका अकुव अहमदको परिवारलाई ५ लाख क्षतिपूर्ति दिने



**काठमाडौं/मस-** सरकारले बाँके डुडुवा गाउँपालिका बस्ने अकुव अहमदको परिवारलाई ५ लाख रुपैयाँ क्षतिपूर्ति वापत आर्थिक सहायता उपलब्ध गराउने भएको छ ।

यही असार १३ गते बसेको मन्त्रिपरिषद्को निर्णय सोमबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्तासमेत रहेका पृथ्वीसुब्बा गुरुङले उक्त जानकारी गराएका हुन् ।

मन्त्री गुरुङका अनुसार सार्वजनिक खरिद निर्णयको संक्षिप्त व्यहोरा समितिको अध्यक्षमा पूर्वसचिव रघुराम विष्ट र सदस्यहरूमा पूर्वसहसचिवहरू रोहितकुमार विसुराल तथा थानेश्वर गौतमलाई नियुक्त गर्ने निर्णय गरेको छ । त्यसैगरी विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने र सम्पत्ति व्यवस्थापन विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृति दिइएको छ ।

यही असार ३० गतेदेखि साउन १ गतेसम्म भियतनामको हनोईमा सञ्चालन हुने 'हाई लेवल इन्टररिजनल नलेज एक्सचेन्ज अन वान कन्ट्री वान प्राइरोटि प्रोजेक्ट (ओसिओपी) मोडेल्स्' कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति दिइएको मन्त्री गुरुङले जानकारी दिए ।

उनका अनुसार खानेपानी र सरसफाइ क्षेत्रको महत्त्वपूर्ण प्रगतिलाई दिगो प्रभावमा रूपान्तरण गर्न प्राइम मिनिस्टीरियल कमिट्मेन्टः अ नेसनल ट्रान्सफर्मेसन इन, एण्ड थ्रु, वाटर, सेनिटेशन एण्ड हाइजिन' विषयक प्रतिबद्धतामा नेपालको तर्फबाट हस्ताक्षर गर्न सरकारले स्वीकृति दिएको छ ।

सरकारले सहकारी संस्थाहरूको कर्जा असुलीसम्बन्धी मुद्दाको सुरू कारबाही र किनारा गर्न सर्वोच्च अदालतका उपसचिव कृतिबहादुर बस्नेत अध्यक्ष र धनकुटाका वसन्तराज पुरी तथा तनहुँका गोविन्द शर्मा गैरे सदस्य रहेको कर्जा असुली न्यायाधिकरण गठन गर्ने निर्णय गरेको छ ।

कर्जा असुली न्यायाधिकरणको आव २०८१/८२ का लागि आवश्यक अधिकृतस्तरका तीन पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने मन्त्री गुरुङले जानकारी दिए ।

साथै, नेपाली सेनाका एक जना सहायक रथीलाई उपरथी दर्जामा बढुवा गर्ने, फ्रान्सको पेरिसमा आयोजना हुने ४७ औं सत्रको 'अफ द वर्ल्ड हेरिटेज कमिसन' मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति दिइएको छ ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशक पदमा रामशरण पुडासैनीलाई नियुक्त गर्ने, प्रत्येक वर्ष असोज १५ गतेका दिनलाई राष्ट्रिय चलचित्र दिवसको रूपमा मनाउने एवं नेपाल र भारत सरकारबीच हस्ताक्षर हुने 'कोअपरेशन इन द फिल्ड अफ हेल्थ एण्ड मेडिसिन' विषयक समझदारीपत्र स्वीकृत गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले बताए । मन्त्री गुरुङका अनुसार नेपाल र भारतबीच हस्ताक्षर हुने आयुर्वेद र परम्परागत चिकित्सा प्रणालीको क्षेत्रमा सहकार्य विषयक समझदारीपत्र स्वीकृत गर्ने, राष्ट्रिय पर्यटन नीति, २०८२ स्वीकृत गर्ने, खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवहरूको वैदेशिक भ्रमण स्वीकृत गर्ने सरकारका निर्णयहरू रहेका छन् ।


## नबिल बैंक लिमिटेडको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०३/१७)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणीको नाम र ठेगानाको विवरण (डल्लु शाखा, काठमाडौं)** |
| | न्हुछे राज शाक्यको नाति मणी राज शाक्यको छोरा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. ५६७ (जारी मिति २०५७/८/१४, स्थान काठमाडौं) भएका **मन्चिन शाक्य ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | **१. नाती शाक्यकी छोरी, न्हुछे राज शाक्यकी बुहारी, मणी राज शाक्यकी श्रीमती, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. २७-०१-७५-०६२७८ (जारी मिति २०७५/०४/१४, स्थान काठमाडौं) भएकी लक्ष्मी देवी शाक्य ।**<br>**२. धिर्ज मुली शाक्यको नाति न्हुछे राज शाक्यको छोरा काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १५ बस्ने, ना.प्र.नं. २७-०१-७५-०६२७७ (जारी मिति २०७५/०४/१४, स्थान काठमाडौं) भएका मणी राज शाक्य ।** |
| | **धितोमा रहेको घर/जग्गाको विवरण** |
| | **स्वयम्भु ध्याङ गुठी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १५, नक्सा सीट नं १०२/१०६२-२० मा अवस्थित कि.नं. २९२ क्षेत्रफल १८९.२० वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| २ | **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (टोखा शाखा, काठमाडौं)** |
| | कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/१०/२४ मा दर्ता नं. १८३४१०/०७४/०७५ अन्तर्गत दर्ता भएको **सुन्दरादेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. ।** ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ । |
| | **ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण** |
| | **१. कृष्ण बहादुर श्रेष्ठको नाति मुक्त बहादुर श्रेष्ठको छोरा नुवाकोट जिल्ला, तादी गा.पा. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. २५-०१-६९-०१७८९ (जारी मिति २०६९/०२/२९, स्थान नुवाकोट) भएका कमल श्रेष्ठ ।**<br>**२. हिरालाल श्रेष्ठकी छोरी, कृष्ण बहादुर श्रेष्ठकी बुहारी मुक्त बहादुर श्रेष्ठकी श्रीमती नुवाकोट जिल्ला, सुन्दरादेवी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. २५-०१-६९-०४८७३ (जारी मिति २०६९/०८/०३, स्थान नुवाकोट) भएकी ईश्वरी श्रेष्ठ ।**<br>**३. कृष्ण बहादुर श्रेष्ठको नाति मुक्त बहादुर श्रेष्ठको छोरा नुवाकोट जिल्ला, तादी गा.पा. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. २५-०२-७५-००७०४ (जारी मिति २०७५/०७/११, स्थान नुवाकोट) भएका नारायण श्रेष्ठ ।**<br>**४. शिवलाल श्रेष्ठको नाति कृष्ण बहादुर श्रेष्ठको छोरा नुवाकोट जिल्ला, सुन्दरादेवी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ बस्ने, ना.प्र.नं. १८७७/५७०९० (जारी मिति २०५५/५/२५, स्थान नुवाकोट) भएका मुक्त बहादुर श्रेष्ठ ।** |
| | **धितोको विवरण** |
| | नुवाकोट जिल्ला, सुन्दरादेवी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ बस्ने, **इश्वरी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स. वडा नं. ३, नक्सा सीट नं ३क मा अवस्थित कि.नं. ३६४ क्षेत्रफल ०-६-३-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| | **सवारी साधन धितोको विवरण** |
| | १. **ऋणी सुन्दरादेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन **दर्ता नं. बा ३ क ३८६०** भएको Catterpillar Hydraulic Excavator.<br>२. **ऋणी सुन्दरादेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन **दर्ता नं. बा प्रदेश -०१ ००३ क ६०४८** भएको JCB Backhoe Loader.<br>३. **ऋणी सुन्दरादेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन **दर्ता नं. प्रदेश -३ -०१ ०२३ च ०७९०** भएको Toyota Hilux PICKUP.<br>४. **ऋणी सुन्दरादेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन **दर्ता नं. प्रदेश ३ -०१ ००६ ख ०१७४** भएको Eicher Pro 1080 XP TRIPPER. |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मध्यान्ह
www.madhyanhadaily.com
१७ असार २०८२ मंगलबार
1 July 2025, Tuesday

सम्पादकीय

## माधव नेपालको अनुचित अडान

पूर्वमन्त्री रामकुमारी झाँक्रीको अभिव्यक्तिका कारण नेकपा एकीकृत समाजवादीभित्र अर्को हलचल आएको छ । युवा नेतृ झाँक्रीले शनिबार बुटवलमा आयोजित एक कार्यक्रममा पार्टी अध्यक्ष माधवकुमार नेपाल लक्षित अभिव्यक्ति दिएकी थिइन् । पतञ्जली जग्गा प्रकरणमा मुद्दा खेपिरहेका पूर्वप्रधानमन्त्री नेपालको नेतृत्वमा पार्टी चल्न नसक्ने झाँक्रीको निष्कर्ष थियो । पार्टीलाई पुनर्गठन गरेर जानुपर्ने तर्क गर्दा उनले चर्को उपमा दिन पुगेकी थिइन् । 'सिनो बोकेर' हिड्न नसकिने भन्दै झाँक्रीले अर्लि महाधिवेशनकै माग राखेकी छन् । झाँक्री उनै नेतृ हुन्, जसले नेकपा एमालेबाट अलग भएर एकीकृत समाजवादी बनाउन माधव नेपालको हात थामेकी थिइन् । निर्वाचन आयोग जाँदा माधव नेपालको हात तानेको तस्वीर त्यसबेला विम्व नै बन्न पुगेको थियो ।

अहिले उनै नेतृ झाँक्रीले माधव नेपाललाई हटाएर पार्टी पुनर्गठनको एजेण्डा अगाडि बढाइन् । र, उनको यिनै अभिव्यक्तिका कारण पार्टी–पंक्ति दुई खेमामा विभाजित हुन पुगेको छ । एउटै खेमाले झाँक्रीलाई साथ दिदै पार्टीलाई अगाडि बढाउन पुनर्गठनको तर्क गरिरहेका छन् भने अर्को खेमाले माधव नेपाललाई सिध्याउने षडयन्त्रविरूद्ध लड्नुपर्ने तर्क गरिरहेका छन् । माधव नेपाललाई पार्टी नेतृत्वबाट हटाउन पतञ्जली जग्गाको मुद्दा अगाडि बढाइएकाले उनीहरूको तर्क छ । रामकुमारी झाँक्रीले बोल्नु अगि एकीकृत समाजवादीको सिंगो पदाधिकारी पंक्ति माधव नेपालमाथि राजनीतिक प्रतिशोध साँधिएको निष्कर्षमा थियो । त्यसैले पार्टी अध्यक्ष र संसदीय दलको नेतामा माधव नेपाल कायमै रहने तर्क भइरहेको थियो ।

जबकि भ्रष्टाचार मुद्दा दर्ता हुनासाथ माधव नेपालको सांसद पद निलम्बन भइसकेको छ । तर निलम्बित सांसद नेपाल अहिले पनि संसदीय दलका नेता छन् । गत १३ असारमा विशेष अदालतले पनि माधव नेपालविरूद्धको मुद्दामा ३५ लाख धरौटी मागेको थियो भने तारेखमा छाड्न आदेश गरिएको थियो । तर एकीकृत समाजवादीका कतिपय नेताहरूले यो मुद्दामा कानुनी नभए राजनीतिक लडाइँ लड्ने समेत बताउन थालेका छन् । यस्तो बेलामा रामकुमारी झाँक्रीले चर्को शब्दमा पार्टी पुनर्गठनको एजेण्डा सार्वजनिक गरिन् । यसबारे राजनीतिक बहस अनेक दृष्टिकोणमा गर्न सकिएला । पुनर्गठनसम्म पार्टी पुग्लान् वा नपुग्लान् । तर चुनावी परिणाम पार्टीको पक्षमा नआएकै कारण २०६४ सालमा एमाले महासचिवबाट राजीनामा दिने माधव नेपालले यति गम्भीर मुद्दा चल्दा राजनीतिक भाषा बोलिरहनु राम्रो होइन । भोलि अदालतको फैसला आएपछि आवश्यक निर्णय लिनेगरी अहिलेलाई मार्ग प्रशस्त गर्दा माधव नेपालकै राजनीतिक व्यक्तित्व बढ्नेछ ।

# व्यापार घाटा घटाउने सवाल

*नेपालले व्यापार सम्झौतालाई रणनीतिक दृष्टिले उपयोग गर्नुपर्छ । सीमित बजारको सीमा तोडेर भारत, चीनभन्दा बाहिर व्यापार विस्तार गर्नुपर्छ...*

अग्रलेख



● जगतजंग जिसी

नेपालको आर्थिक विकास र समावेशी समृद्धिको मार्ग निर्देशन गर्ने क्रममा वैदेशिक व्यापार घाटा विगत केही वर्षदेखि गम्भीर चुनौतीको रूपमा देखा परेको छ । व्यापार घाटाले देशभित्र उत्पादनभन्दा बाहिरको मागमा जोड दिने हुँदा मुद्रा सन्तुलन बिग्रन्छ । जसले दीर्घकालीन आर्थिक आत्मनिर्भरता कमजोर हुन्छ ।

चालु आर्थिक वर्ष २०८१/०८२ को १० महिनामा मुलुकको व्यापार घाटा १२ खर्ब ५६ अर्ब २८ करोड रुपैयाँ पुगेको छ । नेपाल राष्ट्र बैंकको प्रतिवेदनअनुसार यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब ६.७ प्रतिशतले बढी हो । केन्द्रीय बैंकको तथ्यांकअनुसार १० महिनामा कुल वस्तु आयात १३.१ प्रतिशतले वृद्धि भई १४ खर्ब ७४ अर्ब १९ करोड रुपैयाँको पुगेको छ । भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.९ प्रतिशत, १५.१ प्रतिशत र २८.३ प्रतिशतले वृद्धि भएको छ ।

सँगै, कुल वस्तु निर्याततर्फ पनि गत आ.व.को तुलनामा चालु आ.व.को १० महिनामा ७२.७ प्रतिशतले वृद्धि भई २ खर्ब १७ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ३.६ प्रतिशतले कमी आएको थियो । यो सकारात्मक संकेत हो, तर व्यापार घाटा अझै ठूलो छ । जिडिपीको अनुपातमा निरन्तर उच्च महसुस हुन्छ । यो तथ्यांकले स्पष्ट देखाउँछ- नेपालको व्यापार संरचना निरन्तर घाटातर्फ पुगेको छ र त्यसलाई रोक्न आवश्यक कदमहरू चाँडै लिनुपर्ने हुन्छ ।

व्यापार घाटाको मूल कारण नेपालमा उत्पादन र निर्यात क्षमता सीमित हुनु, आयातमा बढी निर्भरता, सेवा क्षेत्र कमजोर हुनु, आधारभूत पूर्वाधारको अभाव, लजिस्टिक लागत उच्च हुनु र मुद्रा सन्तुलनमा समस्या आउनु हो । यस्तै, आयात वस्तुहरूमा पेट्रोलियम, मेसिन सामान, इलेक्ट्रोनिक सामान र औषधि प्रमुख हुने गर्छन् । निर्यात वस्तुहरूमा कृषि वस्तु (जस्तै : सोयाबिन तेल, चिया, फलफूल), कार्पेट, पोलिस्टर धागो/थ्रेड र जडीबुटी-चिकित्सा उत्पादन जीर्ण उद्योगमा सीमित वितरण भएकाले उच्च मूल्य श्रृंखला हासिल हुन सकेको छैन । त्यसैले, मुख्य रणनीतिहरूलाई एक बहुआयामिक दृष्टिले समावेश गरी अगाडि बढाउनु पर्ने अवस्था छ ।

निर्यातको उद्देश्य आयात वस्तुको प्रतिस्थापन र नेपाली उत्पादनको गुणस्तरीय विकास हुनु हो । कृषि क्षेत्रलाई आधुनिक प्रविधि, प्रशोधन इकाई, भण्डारणलगायत सुविधाले सुसज्जित गराएर निर्यातका लागि उच्च मूल्य कायम गर्न सकिन्छ । जडीबुटी (जस्तै : अदुवा, जटामसी, चिया) र प्राकृतिक वस्तुहरूमा ब्रान्डिङ, गुणस्तर प्रमाणपत्र, कठिन प्रणाली विकास गरी अन्तर्राष्ट्रिय स्तरमा बजार प्रवेश गर्न सकिन्छ । फलस्वरूप, निर्यात बस्तुहरूमा विविधता बढ्छ र मूल्य बढाउन सकिन्छ ।

सेवा क्षेत्र विकास गर्न नेपालमा पर्यटन, सूचना-प्रविधि, स्वास्थ्य/चिकित्सा सेवा प्रवर्द्धन अत्यावश्यक छ । ट्रेकिङ, हिमाल चरन, धार्मिक पर्यटन, योग/आध्यात्मिक पर्यटनले विदेशी मुद्रा भित्र्याउन मद्दत पुऱ्याउँछन् । साथै, आइटी आउट सोर्सिङ र अनलाइन शिक्षा-प्रणालीले आधुनिक सेवा निर्यात मार्ग सदुपयोग गर्न सकिन्छ । अहिले सेवा व्यापार खाता पनि घाटामा छ, यसैले, विदेशी सेवा आम्दानी बढाउन गहन नीति र लगानी आवश्यक छ ।

सँगै, आधारभूत पूर्वाधारमा लगानी बढाउनुको विकल्प छैन । रसुवा-चितवन रेल, वीरगन्ज-काठमाडौं रेल जस्ता स-केन्द्रित यातायात परियोजनाले माल ढुवानी लागत घटाउँछन् र निर्यात सहज बनाउँछन् ।

आयात प्रतिस्थापनलाई तीव्र गतिमा अघि बढाउन आयात गरिने वस्तुहरू (जस्तै : पेट्रोलियम, इन्जिन, औषधि, इलेक्ट्रोनिक सामान) नेपालकै उद्योगमा उत्पादन गर्ने नीति अपनाउनु आवश्यक छ । अवस्थित कारखाना संरचना (जस्तै : अटो पार्ट्स, इलेक्ट्रोनिक उपकरण) विस्तार गर्न उद्योग मन्त्रालयका तर्फबाट अनुदान, कर्जा सहायता, कर छुट सुविधा जस्ता सबै बृद्धि सम्भाव्य क्षेत्रहरूमा लगानी गर्न प्रोत्साहन हुनुपर्छ ।

नेपालले व्यापार सम्झौतालाई रणनीतिक दृष्टिले उपयोग गर्नुपर्छ । सीमित बजारको सीमा तोडेर भारत, चीनभन्दा बाहिर व्यापार विस्तार गर्नुपर्छ । यसका लागि निर्यात वस्तुहरूको गुणस्तरमा सुधार, प्रक्रिया सरलीकरण र अन्तर्राष्ट्रिय मान्यतामा योग्य उत्पादन उपलब्ध गराउन आवश्यक छ ।

मुद्रा नीतिलाई व्यापार घाटाको नियन्त्रणका लागि पनि समायोजन गर्नु पर्ने देखिन्छ । नेपाल राष्ट्र बैंकले मुद्रा विनिमय दरलाई सन्तुलनमा राख्दै विशेष आवश्यकताका आयात वस्तुमा सीमित नियन्त्रण लागू गर्न सक्छ । तर, यो नीति दीर्घकालीन होइन, उत्पादन र निर्यात बढेसँगै नीति अनुकूलित बनाउनुपर्छ ।

प्रत्यक्ष विदेशी लगानीलाई लक्षित क्षेत्रहरूमा आकर्षण गर्ने वातावरण विकास गर्नुपर्छ । सरकारी स्तरबाट नयाँ उद्योग, कृषि-प्रशोधन, सेवा क्षेत्रलगायतमा प्राइभेट-पब्लिक साझेदारीमा लगानी आकर्षित गर्न योजना र कानुनी व्यवस्थामा दरिलो पहल गर्नुपर्छ ।

नीति अनुगमन, तथ्यमा आधारित निर्णय र सरकारी-निजी साझेदारी (पिपिपि)को संयोजन गरी कार्यान्वयन गरिनुपर्छ । मोनिटरिङ प्रणाली, व्यापार सूचना प्रणाली, विदेशी बजार पहिचान र बजार अभिगमनमा सफल नीति निर्माण र परिमार्जन समयानुकूल नगरी सफल परिणाम सम्भव छैन ।

उल्लेखनीय छ, बितेका वर्षहरूमा निर्यातमा उल्लेखनीय सुधार देखिएको छ । अघिल्ला आर्थिक वर्षका तुलनामा धेरै नै परिवर्तन आएको छ । यद्यपि, निर्यात वृद्धिले घाटा केही सन्तुलनमा ल्याएको छ, तथापि उच्च आयातलाई ध्यान दिनुपर्छ । यसले निरन्तर बताउँछ– संरचनागत परिवर्तन र संस्थागत सहयोगबिना लक्ष्य प्राप्ति गर्न सकिन्न ।

त्यसैले उपयुक्त योजना, लगानी, नीति र कार्यान्वयन संयोजनमार्फत दीर्घकालीन दृष्टिकोणको निर्माण आवश्यक छ । नेपालले निर्यातमा आधारित उत्पादन क्षेत्रमा केन्द्रित, सेवा-क्षेत्र प्रवर्द्धन, आधारभूत पूर्वाधार विस्तार, आयात प्रतिस्थापन, वित्तीय नियन्त्रण र संस्थागत क्षमता अभिवृद्धिमा काम गर्नु आवश्यक छ ।

नेपालले व्यापार घाटा घटाउने दिशामा स्थायी प्रगति गर्न चाहेको हो भने सबैभन्दा पहिला सरकारले दीर्घकालीन रणनीति निर्माण गर्नुपर्छ, जसमा निजी क्षेत्र, गैर-सरकारी क्षेत्र र अन्तर्राष्ट्रिय साझेदारहरू पनि सहभागी हुनेछन् । दीर्घकालीन दृष्टिले नेपालको आर्थिक संरचना आत्मनिर्भर, प्रतिस्पर्धी र विकासशील बनाउने सकस रोडम्याप तयार गर्नु अति आवश्यक छ ।

समग्रमा, पछिल्लो तथ्यांकले देखाउँदछ, व्यापार घाटा धेरै तीव्र छ । तर, निर्यात वृद्धिले केही सुधार ल्याउन सक्छ । यद्यपि, समस्या समाधान गर्न बहुआयामिक दृष्टिकोण, नीति संयोजन र कुशल कार्यान्वयन आवश्यक छ । नेपालको भूराजनीतिक अवस्थाले पनि निर्यात प्रणाली सुधारमा अवसर र चुनौती दोहोऱ्याउँछ । आगामी वर्षहरूमा निर्यातमा आधारित उत्पादन परिपाटी बनाएर सेवा क्षेत्रलाई प्रवर्द्धन गरेर र आत्मनिर्भर उत्पादन प्रणाली खडा गरेर मात्रै व्यापार घाटा दीर्घकालसम्म सन्तुलनमा ल्याउन सकिन्छ ।




*पछिल्लो तथ्यांकले देखाउँदछ, व्यापार घाटा धेरै तीव्र छ । तर, निर्यात वृद्धिले केही सुधार ल्याउन सक्छ । यद्यपि, समस्या समाधान गर्न बहुआयामिक दृष्टिकोण, नीति संयोजन र कुशल कार्यान्वयन आवश्यक छ...*

## इतिहासमा आज

१ जुलाई २००८ मा विधायिका चुनाव वरिपरि धाँधलीको आरोपको प्रतिक्रियामा मंगोलियामा दङ्गा भड्कियो । जसले निकै उग्र रूप लिएको थियो ।




१ जुलाई २००७ मा बेलायतमा सबै सार्वजनिक भित्री ठाउँहरूमा धूम्रपान निषेध गरिएको छ । जुन निर्णयले धूम्रपान व्यापारलाई ठूलो धक्का लागेको थियो ।




१ जुलाई २००६ मा चीनमा छिंगहाई-तिब्बत रेलवेको पहिलो सञ्चालन गरिएको छ । झन्डै १ हजार किमी लामो यो रेल सेवा समुन्द्र सतहबाट ४ हजार मिटरमाथि अवस्थित छ ।



१ जुलाई २००३ मा चीनको स्वशासित क्षेत्र हङकङमा देशद्रोह विरोधी कानुन पारित गर्ने प्रयासको विरुद्धमा ५ लाखभन्दा बढी मानिसहरू सडकमा उत्रिए । जसलाई हालसम्मकै ठूला प्रदर्शनमध्ये एक मानिन्छ ।



# पर्यटन क्षेत्रका समस्या

विचार



● रूपा अर्याल

*पर्यटन क्षेत्रको विकास नहुनुका मुख्य कारणमध्ये एक हो, नीतिगत अस्पष्टता र कार्यान्वयनको कमजोरी । राज्यले पर्यटनलाई प्राथमिकतामा राखेको बताए पनि बजेट विनियोजन, मानव संशाधनको तालिम, बजार प्रवर्द्धन, पर्यटकीय गन्तव्यहरूको पहिचान र संरक्षणजस्ता विषयमा स्थायीत्वपूर्ण दीर्घकालीन योजना देखिँदैन...*

नेपाल, विश्वकै सुन्दर हिमाली देश, पर्यटकहरूका लागि स्वर्ग मानिन्छ । यहाँका पहाडी दृश्य, सांस्कृतिक सम्पदा, धार्मिक स्थल, जैविक विविधता र पाहुना सत्कारको परम्पराले नेपाललाई पर्यटकीय गन्तव्य बनाएको हो । तर, यति सम्भावना हुँदाहुँदै पनि नेपालमा पर्यटन क्षेत्रले अपेक्षाअनुसार उचाइ लिन सकेको छैन । यो क्षेत्रले धेरैजसो समय अलमल, अस्थिरता, पूर्वाधारको कमजोर अवस्थासँगै नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनुले ग्रस्त रहँदै आएको छ ।

नेपालको पर्यटन विकास नहुनुका मुख्य कारणमध्ये एक हो, नीतिगत अस्पष्टता र कार्यान्वयनको कमजोरी । राज्यले पर्यटनलाई प्राथमिकतामा राखेको बताए पनि बजेट विनियोजन, मानव संसाधनको तालिम, बजार प्रवर्द्धन, पर्यटकीय गन्तव्यहरूको पहिचान र संरक्षणजस्ता विषयमा स्थायीत्वपूर्ण दीर्घकालीन योजना देखिँदैन । पर्यटन मन्त्रालयको नेतृत्व प्रायः बदलिने भएकाले पनि नीति निरन्तरता हराएको छ । यस्ता कारणले विदेशी लगानी समेत आकर्षित हुन सकेको छैन ।

अर्को समस्या हो, पर्यटकीय पूर्वाधारको कमजोर अवस्था । अधिकांश पर्यटकीय क्षेत्रहरूमा सडक, यातायात, संचार, स्वास्थ्य सेवा तथा शुद्ध पानीको व्यवस्था अझै न्यूनतमस्तरमा छ । पर्यटकहरूले चाहने सहज पहुँच, सफा वातावरण, सुरक्षाको अनुभूति, सूचना प्रवाह र सेवा सुविधा अझै पनि काठमाडौं र पोखराको परिधिबाहिर पुगेपछि कम हुँदै जान्छ । हुम्ला, मुस्ताङ, डोल्पा, खुम्बु, मनाङजस्ता क्षेत्रहरूमा पुग्न अझै पनि जोखिम मोलेर जानुपर्ने अवस्था छ ।

साथै, पर्यटनसँग सम्बन्धित जनशक्ति अझै व्यवसायिक र प्रतिस्पर्धी बन्न सकेका छैनन् । गाइड, होटल व्यवसायी, ट्राभल एजेन्सी तथा अन्य सेवा प्रदायकहरूमा दक्षता, व्यावसायिक अनुशासन र भाषा सीपको कमी देखिन्छ । यस्ता कमजोरीले पर्यटकहरूको अनुभवमा प्रतिकूल असर पर्छ । धेरै होटलहरू अन्तर्राष्ट्रिय मापदण्डमा पुग्न सकेका छैनन् भने नयाँ प्रविधिको प्रयोग पनि सुस्त देखिन्छ । डिजिटल मार्केटिङ, अनलाइन बुकिङ, अनुभव साझा गर्ने प्रवृत्तिमा नेपाल अझै कमजोर छ ।

नेपालको पर्यटन क्षेत्र समस्यामा परेका बेला वैश्विक संकटहरूले समेत ठूलो असर पारेका छन् । कोरोना महामारीले पर्यटन क्षेत्रलाई धराशायी बनाएको उदाहरण अझै ताजै छ । लाखौं रोजगारी गुमे, व्यवसाय बन्द भए र राज्यले अपेक्षाकृत सहयोग गर्न सकेन । यस्तो आपतकालीन अवस्थामा संकट व्यवस्थापनको रणनीति नहुनु पनि एउटा महत्वपूर्ण कमजोरी देखिएको हो । सुरक्षाका दृष्टिले हेर्दा पनि अझै थुप्रै चुनौतीहरू छन् । ट्रेकिङ गन्तव्यहरूमा हराउने, दुर्घटना हुने, हेलिकप्टर उद्धार घोटालाजस्ता घटनाले नेपाललाई नकारात्मक सन्देश प्रवाह गरिरहेका छन् । पर्यटकहरूको बीमा प्रणाली, निगरानी संयन्त्र र जवाफदेही संस्थाको अभावले विश्वास गुमाउँदै लगेको छ ।

अर्को गम्भीर समस्या हो, वातावरणीय सन्तुलनमा पर्न थालेको दबाब । पर्यटक गन्तव्यहरूमा अनियन्त्रित विकास, प्लास्टिकजन्य फोहोर, वन फडानी, संरक्षित क्षेत्रको अतिक्रमण आदिले पर्यावरणमा असर पारिरहेको छ । उस्तैगरी, धार्मिक तथा सांस्कृतिक स्थलहरूमा समेत व्यापारिक प्रवृत्ति हावी हुँदै जानुले मौलिकता हराउने खतरा बढ्दै गएको छ । नेपालको सांस्कृतिक विविधता पर्यटनको मेरुदण्ड हो, तर यसप्रति संरक्षणभन्दा दोहन बढिरहेको देखिन्छ ।

स्थानीय समुदायको संलग्नता अभाव पनि पर्यटन विकासको अर्को बाधक पक्ष हो । समुदाय-आधारित पर्यटनका प्रयासहरू भए पनि नीति र लगानीको अभावले ती टिकाउ बन्न सकेका छैनन् । पर्यटनबाट प्राप्त आम्दानीको लाभ स्थानीयस्तरसम्म पुग्ने संरचना निर्माण नहुनु, स्थानीय जनताको क्षमता विकासमा ध्यान नदिइनुजस्ता कारणले जनस्तरमा पर्यटनप्रति उत्साह कम देखिन्छ । जसले गर्दा, पर्यटन विदेशी पर्यटकको संख्या बढाउने संकुचित लक्ष्यमा सीमित रहन्छ ।

निष्कर्षमा भन्नुपर्दा, नेपालको पर्यटन क्षेत्र समृद्धिको प्रमुख आधार बन्नसक्ने अपार सम्भावना बोकेको छ । तर, ती सम्भावनालाई व्यवहारमा उतार्नका लागि नीतिगत स्पष्टता, पूर्वाधारको विकास, मानव संसाधनको व्यावसायिकता, वातावरणीय सन्तुलनको ख्याल, सुरक्षा प्रत्याभूति, डिजिटल प्रविधिको प्रयोग र स्थानीय सहभागिता आवश्यक छ । राज्य, निजी क्षेत्र, समुदाय र नागरिक समाजको साझा प्रयासले मात्र पर्यटनलाई समावेशी, टिकाउ र लाभदायक बनाउन सकिन्छ ।

## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

पटक पटक मन्त्री, पार्टीको उच्च ओहोदा र दुई कार्यकाल राष्ट्रपति बनेर आजीवन हाम्रो 'सेवा' गरेर पनि अझैसम्म विद्यादेवी भण्डारी थाक्नु भएन । तर, उहाँको अथक र अनैतिक 'सेवा'बाट मुलुक र नागरिक चाहिँ थाकिसक्यो । कृपया, आजीवन हाम्रो 'सेवा' गरेर हामीलाई लज्जित नबनाउनुस् ।



**प्रेमकान्त अधिकारी**

आफ्नै कार्यकालभित्र भएभरका सबै बदमासी जति भ्याइसक्ने लक्ष्य लिए जस्तो छ सरकारको नेतृत्वले । बाहिरबाट जति विरोध आलोचना असन्तुष्टि गरे पनि त्यो चाहीँ 'काग कराउँदै गर्छ पिना सुक्दै गर्छ' भने जस्तै छ क्रियाकलाप नियत । सुध्रिने सुधार्ने त कुनै टसमस पनि देखिँदैन त हँ ।



**रञ्जित तामाङ**

फेरि पनि भन्दैछु- केपी ओली तेस्रो चोटी पार्टी अध्यक्ष बन्न खोज्नु र विद्या भण्डारी फेरी राजनीतिमा फर्किनु एमालेको आन्तरिक लोकतन्त्र र नेतृत्व हस्तान्तरण प्रक्रियामाथि जानाजान गरिएको बेइमानी हो । यो 'म रहेसम्म पार्टी रहोस्, त्यसपछि भाँडमा गए जाओस्' भन्ने तुच्छ सोचको परिणाम हो ।



**युवराज सेढाइँ**

०४६ सालको आन्दोलनमा मदन भण्डारीको उपस्थिति कतै थिएन । अग्रपंक्तिमा चाहीँ साहाना प्रधान थिइन् । पछि पश्चिम बंगालका कम्युनिस्टहरूको म्यानिफेस्टो हुबहु सारेर जबज बनाइयो र उनी अगाडि आए । छिट्टै उदाए, तर त्यो अस्थायी रह्यो । त्यसको ब्याज विद्या भण्डारीले कति पटक खाने हो, थाहा छैन ।

मध्यान्ह
www.madhyanhadaily.com


# सर्वोच्चमा प्रस्तावित न्यायाधीशको निर्णय अर्को बैठकबाट

**काठमाडौं/मस**–संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतमा प्रस्तावित तीन न्यायाधीशको सुनुवाइ सकिएको छ। यस्तै, न्यायपरिषद्का एक सदस्यको पनि सुनुवाइ सकिएको छ। समितिको सोमबार सिंहदरबारमा बसेको बैठकले प्रस्तावित न्यायाधीश शान्तिसिंह थापा र न्यायपरिषद् सदस्य महेश नेपालको सुनुवाइ गरेको हो।

समितिले आइतबार सर्वोच्चका लागि प्रस्तावित न्यायाधीश मेघराज पोखरेल र श्रीकान्त पौडेलको सुनुवाइ गरेको थियो।



प्रस्तावित न्यायाधीश पदका ३ सदस्य र न्याय परिषद्को प्रस्तावित १ सदस्यसहित चारै जनाको सुनवाइ सम्पन्न भएको र निर्णय अर्को बैठकबाट हुने समितिका सहसचिव निर्मलादेवी लामिछाने वस्तीले जानकारी दिइन्।

सुनुवाइ क्रममा प्रस्तावित न्यायाधीशहरूले योग्यता, क्षमता, रुची, सोच र अवधारणा प्रस्तुत गरेका थिए। उनीहरूले संविधान, कानुनको सीमाभित्र रहेर निष्पक्ष रूपमा न्याय सम्पादन गर्ने प्रतिबद्धता जनाएका थिए।

यस्तै, न्याय परिषद्का सदस्यले आफ्नो योग्यता, कार्यक्षमता, सोच र अवधारणा प्रस्तुत गर्दै संविधान र कानुनको सीमाभित्र रहेर न्यायसम्पादन गरिने विश्वास व्यक्त गरेका थिए।

# कानुनी शिक्षाले बदलिँदै किशोरकिशोरीको सोच

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्यूठान, १६ असार



झिमरुक गाउँपालिकामा सञ्चालित कानुनी शिक्षा कार्यक्रमले किशोरकिशोरीहरूको सोचमा परिवर्तन आएको छ।

गाउँपालिकाको अगुवाइमा १३ विद्यालयमा सञ्चालन गरिएको कार्यक्रममा कक्षा ८ देखि १२ सम्मका १ हजार २ सयभन्दा बढी विद्यार्थी र शिक्षक सहभागी भएका छन्। कार्यक्रममार्फत बालविवाह, घरेलु हिंसा, न्यायिक प्रक्रिया, नागरिक अधिकार र कर्तव्यजस्ता विषयमा जानकारी दिइएको छ।

बाल शिक्षा मावि मच्छीकी कक्षा १० की छात्रा सोनिया जिसीले कार्यक्रमले कानुनप्रति डर हटाएर अधिकार र सुरक्षाको हतियारका रूपमा बुझ्न मद्दत गरेको बताइन्। 'पहिले कानुन भन्नेबित्तिकै डर लाग्थ्यो, अहिले समाज बदल्न कानुन बुझ्नुपर्छ भन्ने महसुस भएको छ,' उनले भनिन्।

जनता माविका विद्यार्थी कमल भारतीले कानुनी ज्ञान पाएपछि गाउँमा बालविवाह रोक्न सकिने विश्वास जागेको बताए। 'गाउँमा गएर आमाबुबालाई सम्झाउँदै हिँडेको छु,' उनले भने।

गाउँपालिकाका उपाध्यक्ष प्रमोद पोखरेलका अनुसार झिमरुकमा बालविवाहका घटना बढी हुने भएकाले विद्यालय-केन्द्रित कानुनी सचेतना अभियानलाई प्राथमिकतामा राखिएको हो। उनले भने, 'कानुनी शिक्षा चेतनाको विकास हो, र चेतनाको विकास नै दीगो विकासको जग हो।'

कार्यक्रममा सरकारी वकिल, प्रहरी अधिकृत, प्राध्यापक तथा कानुनी सल्लाहकारहरू प्रशिक्षकका रूपमा सहभागी थिए। सरकारी वकिल नरेन्द्र देवकोटाले विद्यार्थीमा सोचको उल्लेखनीय रूपले परिवर्तन आएको बताए।

बलभद्र माविका प्राचार्य शेरबहादुर थापा र जनता माविका प्रधानाध्यापक विजय सागर गिरीले कार्यक्रम प्रभावकारी भएको र यसले शिक्षक, विद्यार्थी र अभिभावकमाझ सचेतना बढाएको उल्लेख गरे।

सहभागी विद्यार्थीहरूलाई खाजाखर्च, डायरी र कलम वितरण गरिएको थियो। अधिकृत यामलाल पोखरेलका अनुसार, सकारात्मक प्रतिक्रिया पाएपछि कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिने योजना बनाइएको छ।

झिमरुक-८ का वडाध्यक्ष तुलस बस्नेतले चेतनाको विकासलाई आगामी विकासको आधार बनाउने बताए। 'सोच फेरिएपछि समाज फेरिन्छ,' उनले भने, 'सकारात्मक परिवर्तनप्रति आलोचना आउन सक्छ, तर हामी विकासमा प्रतिबद्ध छौं।'

# नेकपा एस निकट अनेरास्ववियू फुट्यो



**काठमाडौं/मस**–माधव कुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) निकट विद्यार्थी संगठन अनेरास्ववियू फुटेको छ। फुटेपछि विद्यार्थीहरूले समानान्तर कमिटी घोषणा गरेका छन्। संगठनका अध्यक्ष महेश श्रेष्ठसँग असन्तुष्ट पक्षले समानान्तर कमिटी घोषणा गरेको हो। असन्तुष्ट पक्षले नरेश न्यौपाने अध्यक्ष र प्रकाश श्रेष्ठ महासचिव रहेको पदाधिकारीसहित १६७ सदस्यीय नयाँ केन्द्रीय समिति घोषणा गरेको छ। समानान्तर कमिटीको बैठकले संसद विघटनलगायतका घोर प्रतिगामी षड्यन्त्रविरुद्ध नेतृत्वदायी भूमिका निर्वाह गर्दै विद्रोहको नेतृत्व गरेको मातृ पार्टी नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालमाथि सरकारले साँधेको प्रतिशोध र षड्यन्त्रविरुद्ध एकताबद्ध रुपमा प्रतिरोध एवं प्रतिवाद गर्ने निर्णयसमेत गरेको छ। आगामी असार २१ गते बस्ने पदाधिकारी बैठकबाट सबै पदाधिकारी र केन्द्रीय सदस्यहरूको कार्यविभाजन गरिने, पहिलो पदाधिकारी बैठकबाट केन्द्रीय कमिटीको एक तिहाइ हुने गरी केन्द्रीय सचिवालय गठन गरिने र केन्द्रीय कमिटीको बैठक साउन पहिलो हप्ता काठमाडौंमा आयोजना गरिने निर्णयसहितको सकुर्लर पठाइएको छ। प्रदेश, जिल्ला, क्याम्पस कमिटी तथा राष्ट्रिय कमिटीका सम्मेलनहरू आगामी साउन १५ गतेभित्र सम्पन्न गर्ने, अनेरास्ववियूको केन्द्रीय महाधिवेशन यथाशीघ्र गर्ने, तर महाधिवेशनको मिति तथा संगठनमा उमेर हदसम्बन्धी निर्णय केन्द्रीय कमिटी बैठकबाट गरिने पनि निर्णय गरेको सर्कुलरमा उल्लेख छ।

# संघीय निजामती ऐनविरुद्ध रौतहटमा प्रदर्शन



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १६ असार

संघीय निजामती सेवा ऐनविरुद्ध आम जनता पार्टीले सोमबार रौतहटको गरुडा बजारमा विरोध प्रदर्शन गर्दै विधेयक जलाएको छ। गरिब र श्रमजीवी कर्मचारीका हित विपरीत रहेको भन्दै सो विधेयकको खारेजीको माग गरिएको छ।

गरुडाको मेथुर चौधरी चोकमा आयोजित प्रदर्शनमा पार्टीका केन्द्रीय सदस्य रविन्द्र यादवसहित नेताहरूको नेतृत्वमा ऐनको प्रतिलिपि जलाइएको हो। पार्टीले विधेयकलाई ' गरिबमारा'भन्दै अस्वीकार गर्ने घोषणा गरेको छ।

कोणसभालाई सम्बोधन गर्दै नेता यादवले संघीय निजामती ऐन गरिब, विपन्न र तल्लो तहका कर्मचारीको भविष्यसँग खेलवाड गर्ने नियतका साथ ल्याइएको आरोप लगाए। 'सरकारले ल्याएको यो ऐन संशोधन नगरेसम्म आन्दोलन थप चर्किनेछ,' उनले भने।

प्रदर्शनपछि आम जनता पार्टीले देशका विभिन्न स्थानमा विरोध कार्यक्रम जारी राख्ने जनाएको छ। काठमाडौंको संसद भवन परिसरमा समेत पार्टी अध्यक्ष प्रभु साहले आइतबार ऐनको प्रतिलिपि च्यातकेका थिए।

ऐनको पुनरावलोकन नगरे आन्दोलनलाई सशक्त बनाउने पार्टीले जनाएको छ।

# विनयी खोलाको पुल शनिबारदेखि सञ्चालनमा आउने

**पूर्वी नवलपरासी/मस**–महेन्द्र राजमार्गअन्तर्गत पूर्वी नवलपरासीको दुम्कीवासस्थित विनयी खोलामा निर्माण भएको नयाँ पक्की पुल आउँदो शनिबारदेखि सञ्चालनमा आउने भएको छ।

पुलको ढलान भएको करिब चार साता पछि अब सो पुल भएर नियमित रूपमा यातायात सञ्चालन हुने भएको हो।

सडक आयोजनाको पूर्वी खण्डका प्रमुख ईश्वरबहादुर रिजालले चिनियाँ निर्माण कम्पनी, परामर्शदाता तथा आयोजनाबीचको छलफलपछि शनिबार साँझदेखि पुल खुला गरिने जानकारी दिए।

यसअघि, विनयी खोलामा करिब ५२ वर्षअघि निर्माण गरिएको फलामे पुल गत पुस २६ गते मालबहाक ट्रक चल्दा भाँचिएको थियो।

# ४५ चेपाङ परिवारलाई घर हस्तान्तरण



**काठमाडौं/मस**-चितवनको इच्छाकामना गाउँपालिकाले ४५ चेपाङ परिवारलाई घर हस्तान्तरण गरेको छ।

गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङका अनुसार ३ करोड १९ लाख ६३ हजार १२८ रूपैयाँको लागतमा ती घर निर्माण गरिएको हो।

वडा नम्बर १ मा ७, वडा नम्बर २ मा ५, वडा नम्बर ३ मा ५, वडा नम्बर चारमा ६, वडा नम्बर ५ मा ५, वडा नम्बर ६ मा ८ र वडा नम्बर ७ मा ९ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको हो।

वडा नम्बर ४ को खैरहनीटारस्थित कमला चेपाङलाई हस्तान्तरण गर्न निर्माण गरिएको घरमा कार्यक्रमको आयोजना गरी सबै परिवारलाई घर हस्तान्तरण गरिएको हो। त्यस अवसरमा प्रमुख अतिथि जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले क्रमशः ग्रामीण क्षेत्रका विपन्न परिवारलाई घर निर्माण गर्नुपर्ने बताए। गाउँपालिका अध्यक्ष गुरुङले वडाहरूले छनोट गरेका परिवारलाई कार्यपालिकाले निर्णय गरी घर निर्माण गरेको बताए। गत आर्थिक वर्षमा २२ घर निर्माण गरेकोमा चालु आवमा दोब्बर सङ्ख्यामा घर बनाइएको हो।

अधिकांश पहाडी भूभाग रहेको इच्छाकामनामा बहुसङ्ख्यक चेपाङ बसोबास गर्छन्। घर हस्तान्तरण कार्यक्रममा गाउँपालिका उपाध्यक्ष माया सिलवालसहित वडाध्यक्ष लगायत स्थानीयको सहभागीता रहेको थियो।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु, एक घाइते

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १६ असार

रुकुम पूर्वको सिस्ने गाउँपालिका-३ तातोपानीस्थित भित्री कच्ची सडकमा सोमबार साँझ मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन्।

धाउनेबाट पोखरतर्फ जाँदै गरेको रा.३प.४५३४ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ सडकबाट चिप्लिएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका डिएसपी उमाशंकर प्रसाद यादवले जानकारी दिए।

दुर्घटनामा मोटरसाइकल चालक सिस्ने-३ पोखरा निवासी ४५ वर्षीय दलप्रसाद सुनारको घटनास्थलमै मृत्यु भएको हो। मोटरसाइकलको पछाडि सवार ३६ वर्षीय उपेन्द्र खत्री भने घाइते भएका छन्। उनको ढाड र हातको औंलामा चोट लागेको छ भने अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

डिएसपी यादवका अनुसार सडक साँघुरो र घुमाउरो भएकाले मोटरसाइकल नियन्त्रण गुमाएर दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## युएईमा रोजगार

कम्पनी: DUSSMANN GULF- SOLE PROPRITORSHIP L.L.C. शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/१२/१५ चलानी नं.: ६०२३५३८५ L.T. No.: 321334 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 16 | 0 | स. काममा दक्ष | 818 | ३०,३९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: POWER RECRUITMENT LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०५६० L.T. No.: 316209 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 69 | 0 | स. काममा दक्ष | 800 | २९,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: PARAGON EMPLOYMENT SERVICES L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०९/१२ चलानी नं.: ६०२३०५६१ L.T. No.: 316210 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 99 | 0 | स. काममा दक्ष | 800 | २९,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ५ गते (19 June 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
